# आध्यात्मिक सन्देश


शरद्पूर्णिमा विषेशाङ्क

म.क्षे.हु.नि.द.नं. ०७/०६७/६८
दर्ता नं. ५६-०६२/६३

वर्ष १९, (पूर्णाङ्क १८४) E-mail: info@ssdham.org / media@ssdham.org / Website : www.divineclubworldwide.org २०८०



# राधा गोविन्द गीत




एघार हजार एक सय एघार दोहाहरुलाई दुई भागमा विभक्त गरी प्रकाशित गरिएको **राधा गोविन्द गीत** गुरुवरद्वारा विरचित एक अद्वितीय एवम् अनुपमेय ग्रन्थ हो। वेद, पुराण र अन्य सबै शास्त्रलाई मन्थन गरेर ज्ञानको अगाध अपरिमेय समुद्रबाट आचार्यश्रीले अनमोल रत्न निकालेर अत्यन्तै सरल भाषामा जनसाधारणसम्म पुऱ्याइदिनुभएको यस अमूल्य ग्रन्थ राधा गोविन्द गीत अन्तर्गत भगवन्नाम संकीर्तन सम्बन्धमा सुन्दर निरुपण गरिएका अनमोल दोहाहरुको केही अंशलाई यस अङ्कमा प्रकाशित गरिएको छ। यस्तै प्रकारको चौपाई गोस्वामी तुलसीदासजीले आफ्नो राम चरित मानसमा पनि उल्लेख गर्नुभएको छ।

**हरि नाम रूप एक गोविन्द राधे।**
**जिसको जो भाये वामें मन को लगा दे॥**

**कलि योग ज्ञान नाहिं गोविन्द राधे।**
**प्रेम युक्त हरि नाम नामी ते मिला दे॥**

**नाम में है ऐसी शक्ति गोविन्द राधे।**
**नामी को भी आने को विवश करा दे॥**

**नामापराध ऐसा गोविन्द राधे।**
**साधकों की साधना को शून्य बना दे॥**

# सम्पादकीय

## श्री गुरवे नमः

हरिगुरु प्रेम पिपासु तथा आध्यात्म पथका सम्पूर्ण मुमुक्षु जन लगायत यावत् सम्पूर्ण जगत्मा शरद्पूर्णिमा २०८० तथा जगद्गुरुत्तम प्राकट्य दिवसको सुखद् पावन एवम् शुभ उपलक्ष्यमा अननन्त बधाई तथा हार्दिक शुभकामना ।


हुन त हाम्रो सनातन परम्परामा वर्षको प्रत्येक दिन केही न केही महत्त्व एवम् विशेषताले युक्त हुन्छ र सम्बन्धित जनले सोही अनुसार मनाउने पनि गर्छन तर जति पनि पर्व तथा उत्सव आदि मनाइन्छन् तिनमा पनि विशेष गरी श्रीकृष्ण प्रेमी, व्रजरस पिपासु जनका लागि शरद्पूर्णिमा सर्वश्रेष्ठ पर्व हो । किनभने आजकै दिन आनन्दकन्द सच्चिदानन्द पूर्णत्तम पुरुषोत्तम भगवान् श्रीकृष्णले राशेश्वरी श्री राधारानीको आश्रय लिएर आधिकारिक जीवहरुलाई आनन्दको जुन अन्तिम सीमा हो त्यो आनन्दको रस (महारास-रस) वितरण गर्नुभएको थियो । आजकै पावन दिनमा (सन् १९२२ को शरद्पूर्णिमा) हाम्रा परमवन्दनीय गुरदेव पनि प्रकट हुनुभयो ।

जगद्गुरु श्री कृपालु गुरुदेवले आफ्नो लीलाकालमा जे जति प्रेम रसको वर्षा लुटाउनु भयो त्यो सबै प्रत्यक्ष दर्शी तथा अनुभवी जनका मानसपटलमा अझै ताजा छ र रही रहने छ, त्यसै स्मरणका आधारमा गुरुको श्रीवृद्धि निमित्तार्थ सवैजना आ-आफ्नो ज्ञान सीप श्रोत साधनले लागि परेका छन् र गुरु कृपा पनि भई राखेकै छ ।

यस पावन उपलक्ष्यमा यस्ता प्रेमानन्द प्रदाता हरिगुरुका सुकोमल चरण कमलमा कोटि कोटि वन्दना गर्दै सबैमा कृपाको अनवरत वर्षा भई रहोस् भनी प्रार्थना गर्दछौं ।

**जय श्री राधे !**

सम्पादक : सम्पादक मण्डल










## हरिगुरु दोनों को ही गोविन्द राधे ।
## सदा सर्वत्र निज साथि बना दे ॥

*राधा गोविन्द गीत*

हामीहरु सुन्न त सुन्छौं कि भगवान् सबैको हृदयमा रहनुहुन्छ, सदा रहनुहुन्छ १/१०० सेकेण्ड (सेकेण्ड समयको एक प्रतिशत) पनि जीवात्माबाट परमात्मा पृथक (अलग) हुन सक्दैन । कुनै पनि योनीमा जीव जाओस् भगवान् सधैं साथमा रहनुहुन्छ तर मान्दैन । जसले मानोस् ऊ महापुरुष भैजानेछ, भगवत् प्राप्ति फ्री *(Free)* मा भैजाने छ। जसले मुखले लगातार बोल्दै रहन्छ तापनि त्यो (उसले) पनि मान्दैन । यो धेरै ठुलो आश्चर्य हो, म त यो भन्दा ठुलो कुनै आश्चर्य मान्दिन। त यसको अभ्यास गर्नुपर्ने छ। यदि हामीले हरिगुरुलाई सधैं आफ्नो हृदयमा (साथमा छन् भन्ने कुरा) मानिहालौं त फेरि न त कुनै साधना गर्नुछ न त कुनै गडबड नै हुनेछ। जति पनि अपराध हामी गर्दछौ, किन गर्छौ ? कहिले गर्छौ ? जब यो जानिहाल्छौं, मान्छौं कि म त एक्लै छु। जब हामी प्लानिङ्ग *(Planning)* गर्छौ त्यसै बखत हामी बिर्सिहाल्छौ कि "भगवान् हाम्रो हृदयमा हुनुहुन्छ"। यदि मानी राख्यौ (हमेशा) भने त कुनै पनि गलत (नराम्रो) काम गर्न सक्दैनौं। सोच्नै पनि सक्दैनौं, गर्नु त अगाडि को कुरा हो । हामी सर्व प्रथम त सोच्दछौं नि ! गलत कुरा सोच्दछौं, कसैलाई दुःख दिनुछ, कसैलाई कष्ट दिनुछ, कसैमा बुराई (खराबी) निकालेर (देखाएर) उसको निन्दा गर्नुछ, झुठो बोल्नु छ, बात बनाउनु छ, कुनै पनि पाप हामी गर्छौ भने यो कुरा बिर्सिहाल्छौं कि (यो सब कुरा) हाम्रो बुवाले भित्र बसेर नोट *(Note)* गरिरहनु भएको छ ।

त्यसैले जानेर मात्रै काम बन्ने छैन, यसको अभ्यास गर्नुपर्ने छ । (यदि अभ्यास गर्नुभएन भने नगर्नुहोस्, ठिकै छ) नगर्नुहोस् ! यस मानव देहमा, मरेपछि चौरासी लाखमा घुम्नुहोस्, चप्पल-जुत्ता खानुहोस्, एउटा रोटीको टुक्राको लागि कुकुर, बिरालो, गधा बन्दै गएर करोडौं कल्पसम्म दुःख भोग्नुहोस् । फेरि कहिले (कुनै बखत) मानव देह पाइनेछ, फेरि कोही कृपालु (गुरु) मिल्ने (पाइने) छन् र फेरि तपाईंलाई बताउने छन् र फेरि तपाइँ भन्नुहुनेछ - "ठिक छ, ठिक छ, म त सबै थोक जान्दछु" । मान्ने छैनौं मानौं दुःख भोग्ने रहर नै छ । यतिको ठुलो शौक (रहर) छ कि अनन्त जन्महरु

बितिसके, यो रहर पूरा भएन । पापले पेट भरिएन । भगवान्सित पनि चोरी, गुरु सित पनि चोरी, डबल *(Double*–दोहोरो) अपराध भगवान्प्रति गरेको अपराध त गुरुले क्षमा गरिदिनुहुन्छ तर गुरुप्रति गरेको अपराध भने क्षमा हुन सक्दैन, भगवान्ले पनि क्षमा गर्न सक्नुहुन्न ।



विष्णुस्थाने कृतं पापं गुरु स्थाने प्रमुच्यते ।
गुरु स्थाने कृतं पापं बज्रलेपो भविष्यति ॥

गुरुको स्थान (गुरुप्रति) मा गरेको पाप 'बज्रलेप' भईहाल्छ, त्यसको कुनैपनि उपचार छैन । दण्ड सजाय भोग्नु नै पर्छ र गुरुसीत चोरी गर्नु, बस् ! सबै भन्दा ठुलो पापको मूल हो यो । जुन कुरा मैले मनभित्र सोचिराखेको छु, हेऽहेऽऽहेऽऽऽ कसैले पनि जानेको छैन, (जान्दैन) गुरुजी पनि जान्नुहुन्न ।

यस्तो कुरो बनाउने छु गुरुको सामुन्ने कि यदि गुरुले भन्नुहुन्छ - "यस्तो हो" त "होइन गुरुजी ! यस्तो हुदै होइन, तपाईं वेवकुफ हो (हुनुहुन्छ) त गुरुजी ले मानिहाल्नु हुने छ " ।

यसरी हामी खुल्लम खुल्ला पाप गर्दछौं । निर्भय भएर, कुनै डर छैन । भगवान् कोही पनि हुदैन, मेरो कसैले पनि केही बिगार्न सक्दैन । यस्तो दृढ निश्चय गरेका छौं । त्यसैले त निर्भय भएर पाप गर्छौं, एउटा गुरुलाई पनि बाँकी राख्न सक्दैनौं, कम्तीमा त्यहाँ त इमान्दार रहौं । त यसको अभ्यास (कि हरिगुरु हृदयमा छन् भन्ने) गर्ने हामी दृढ निश्चय गरिहालौं र अभ्यास गरौं भने तब मात्रै हाम्रो कल्याण हुन सक्छ, अन्यथा करोडौं जगद्गुरु भेटियून् (मिलुन) या भगवान्का पिता जी मिलून्, हामी यसरी नै चौरासीलाखमा घुम्दै रहने छौं ।

हाम्रो जिद्दीले हामीलाई चौरासीलाखमा घुमाउने छ र यदि हामीले कुनै बखत यो कुरा मान्ने छौं, आफ्ना गल्तीहरु सुधार्ने प्रयत्न गर्ने छौं, हर समय उनीभित्र (हृदयमा) बसेका छन्, नोट गरिरहेका छन्, म के सोचिरहेको छु, के पाइएला यो पाप कर्म सोचेर ? किन शौक-रहर सवार छ (मनमा) दुख भोग्ने ? नरक आदि अनन्त जन्महरुको दुख । अरे ! सहन गर्न सकिने छैन यति ठुलो दुःख हुनेछ, चिल्लाइ-कराइ चिल्लाइ-कराइकन रुनेछौ, सुन्ने (सुनिदिने) कोही पनि हुनेछैन, त्यो बेला 'कृपालु' ले पनि केही गर्न सक्नु हुन्न, भगवान् पनि केही गर्न सक्नुहुन्न । अभ्यास गर, अभ्यास गर ! मानिहाल, अभ्यास गर राम्रो बनिहाल, गन्दा (फोहोर) चिन्तन बन्द गर । मनको कुरा नसुन, मनलाई त संसारिक फोहोर चिन्तन मिठो लाग्छ । राग पनि मिठो लाग्छ, द्वेष पनि मिठो लाग्छ । त्यसको बानीपरेको छ । कसैलाई दुःखी गरेर सुख मिल्छ तपाईंहरुलाई !

अरे ! वेदव्यासले भन्नुभएको छ -

अष्टादश पुराणेषु व्यासस्य वचन द्वयम् ।
परोपकार पुण्याय पापाय परपीडनम् ॥

अर्कोलाई सुख दिनुस् भगवान्तिर लिएर जाऊ । 'दोस्रोलाई दुःख दिनु' यो भन्दा अरु कुनै पाप छैन "परपीडा सम नहिं अधमाई" हामीहरु चाहे गृहस्थी छौं या बाबाजी छौं सबैजना यसै दोषबाट ग्रसित छौं । यस दोषलाई मेटाऊ, अहिले समय छ मर्नु भन्दा एक क्षण पहिले सम्म बिग्रेको कुरा बन्न सक्छ । फेरि बन्ने छैन ऽऽऽ टाइम पास *(Time pass)* समय पार भइहाल्यो । फेरि यदि यमराजलाई भन्नुस कि "एक सेकेण्डको लागि पर्खि दिनुहोस्" अहँ ! पटक्कै हुँदैन ।

त्यसैले यो तथ्यमा विशेष ध्यान दिएर अभ्यास गर्न सुरु गरिदिनुस्, स्वयम्ले गर्नुपर्नेछ अरु कसैले गरेर दिने छैन । यत्तिको ठुलो भगवत् कृपा कि जो अन्तिम सीमा हो त्यो भइसकेको छ कि तपाईंहरुलाई तत्त्व ज्ञान गराइयो (गराइदिएको छ) तपाईं कहाँ भुलि (रुमलिई) रहनुभएको छ, त्यो कुरा बताई दिएको छ । अब फेरि पनि तपाईं भन्नुहुन्छ कि "म त आफ्नै मनले बताएको बाटोमा जाने (चल्ने) छु ।" त्यसो भए फेरि ठिकै छ परिणाम सामुन्ने आउने नै छ ।



## प्रेम रस मदिरा

# श्री कृष्ण-बाललीला-माधुरी




मेरे नैनन तारे जाग रे।
भई भोर चहुँ ओर शोर सुन, बोलत शुक पिक काग रे।
शीतल – मंद – सुगंध पवन बह, चकई पाइ सुहाग रे।
आई भानु – किरन लखु मोहन, चंद्र – किरन गई भाग रे।
उदित – भानु लखि विकसित कमलनि, भ्रमरन पियत पराग रे।
दोउ कर परसि 'कृपालु' मातु मुख, चूमति अति अनुराग रे।

भावार्थः-

सुतिरहेका श्यामसुन्दरलाई ब्युँझाउँदै आमा यशोदा भन्छिन् - ए मेरा आँखाका तारा श्यामसुन्दर ! अब उठ। हेर ! उज्यालो पनि भइसक्यो। चारैतिर सुगा, कोइली र काग कराइरहेका छन्। शीतल, मन्द र सुगन्धित हावा चलिरहेको छ। रातभरि बिछोड भएकी चखेवी चखेवासँग भेट्दै छे। घाम उदाउँदै छन्, जून अस्ताउन लागे। घाम झुल्किनाले फुलेका कमलमा भँवराहरु गुनगुनाउँदै फूलका परागको रसपान गरिरहेका छन्। श्रीकृपालुजी भन्नुहुन्छ - यसो भन्दाभन्दै आमा यशोदाजी प्रेमबिभोर भइन् र आफ्ना दुवै हातले श्यामसुन्दरको मुखमण्डलको स्पर्श गर्दै र आफ्ना हात चुम्दै बारम्बार ज्यानै अर्पिऊँ झैं गर्न थालिन्।



## धन्य धन्य जनक धनी जननी ।।।

सन् १९२२ शरद्पूर्णिमाको शुभरात्रि पूर्णशरत्चन्द्रको उज्यालो जगमगाइरहेको थियो । मानौं रासविहारी आनन्दकन्द सच्चिदानन्द श्री कृष्णचन्द्रलाई पुनः आह्वान गरिरहेको छ । सम्पूर्ण भूमण्डल जसको दिव्यप्रभाबाट आलोकित भैरहेको थियो । मन्द-मन्द सुरभित वायुले हृदयमा नवचेतनाको सञ्चार गरिरहेको थियो । सम्पूर्ण वातावरणमा एक नयाँ किसिमको आह्लाद थियो । यस्तो सुखद् समयमा एक सानो गाउँमा माता भगवतीको कोखमा एक अलौकिक बालकको अवतरण भयो । जसको अवतरण कलिमल ग्रसित दैहिक, दैविक, भौतिक तापबाट ग्रसित जीवलाई आनन्द तथा प्रेममा डुबाइदिनका लागि भएको हो । उहाँ यस युगका परमाचार्य पाँचौं मूल जगद्गुरु श्री कृपालु जी महाराज नै हुनुहुन्छ । त्यही दिव्य रासको रस जीवहरूलाई प्रदान गर्नका लागि ५००० वर्ष पहिला रासेश्वरी श्री राधारानीको कृपाबाट प्राप्त भयो । चारैतिर चन्दनको झैं सुगन्ध मगमगाइरहेको थियो । मानौं ऋषि, मुनि, सुर, किन्नर एकत्रित भएर आफ्नो सेव्यको स्वागत गर्नका लागि कुनै यज्ञ गरिरहेका छन् । समस्त गाउँबासीहरू हर्षोल्लासपूर्वक गीत गाउँदै माता भगवतीको सौभाग्यको सराहना गर्न थाले । भगवतीमाताले बालकको विचित्र रूप एवम् छवि देखेर विभोर भइरहेकी थिइन् । पुरूषोत्तम भगवान् रामको कृपा मानेर भगवती मैयाँले बालकलाई **'राम कृपालु'** नामले सम्बोधित गरिन् । यिनै **'राम कृपालु'** आज जगद्गुरु श्री कृपालु जी महाराज नामबाट विश्व विख्यात हुनुभयो ।

## (श्री महाराजजीले साधकहरुप्रति व्यक्त गर्नुभएको दिव्य प्रेमको उद्‌गार)



जति क्षमा म गर्छु त्यति अरु कसैले गर्न सक्तैन । कैयौं पटक म सोच्दछु कि त्यसलाई परित्याग गरिदिऊँ तर फेरि दया लाग्दछ ।

यो जान्दा जान्दै पनि कि यहाँबाट गईसकेपछि प्रपञ्च नै प्रपञ्च छ फेरि किन जानीबुझिकन त्यसमा टाङ्ग फँसाउदछौ ? यहाँ खान पिउन पनि कुनै चिन्ता छैन । फेरि यस्तो गार्जियन (अभिभावक) पाएका छौ जो हमेसा तिम्रो कल्याणको लागि तिम्रो पछि परेको छ ।

एउटा तुच्छ कुरा पनि यस जीवको बुझाइमा आउँदैन र यदि यो आउँदैन भने केही पनि गर्नुले कुनै अर्थ नै राख्दैन । जब हामीले एउटा अथोरिटी पाएका छौं, एउटा गार्जियन पाएका छौं आफुलाई सुम्पिदेऊ । उनको आज्ञा अनुसार नै हिँड । यो तपाइँले नै गर्नु छ । चाहे एक जन्ममा गर, चाहे हजार जन्ममा गर । यदि गुरुआज्ञा अनुसार नै तिमी हिड्यौं भने एक वर्षमै तिमी कति अगाडि बढ्न सक्छौ ।

पति पत्नी, बाबु, छोरा सबैजना मसँग गुनासो गर्न आउँछन् कि उसलाई ठिक गरिदिनुस, ऊ नास्तिक हुन गइरहेको छ । सबैलाई अरुको चिन्ता एकदमै भइरहेको देखिन्छ । तर आफ्नो के हविगत होला यसको चिन्ता किन गर्दैनौं । ऊ नास्तिक बनोस् वा महापुरुष, त्यसबाट तिमीले के पाउँछौ र ?

तिमीहरुलाई म कतिमाथि उठाउने गर्दछु तर तिमीहरु नामापराध गरेर तल झरेर सबै बराबर गरिदिन्छौ । म तिमीहरुको अपराध देखिरहेको हुन्छु तर पनि तिमीहरुलाई भन्न डराउँछु ।

सोच्दछु अहिले यति त हिँडिरहेका छौ, यदि भनिदिएँ भने सत्संग पनि छोडिदिने छौ । म माफी दिन जान्दछु, सोच्दछु कहिल्यै त बुद्धि आउला त ठिक हुनेछौ ।

तिमीहरु भित्र म यस्तरी बसिसकेको छु कि तिमीहरुले जतिसुकै प्रयत्न गरे पनि घुमी फिरि फेरि यही आउने नै छौ । अनि बेकारको चिन्तन किन गर्दछौ ? यदि तिमीले भन्छौ कि हजुर (अन्तःकरण) भित्र हुनुहुन्छ तर देखिनु हुन्न नि ? बाहिरी दृष्टिमा आउनु एकदमै स्यानो चिज हो तर भित्र बस्न सक्नु ठुलो कुरा हो । यो आवश्यक छैन कि जुन आमाले आफ्नो बच्चालाई एकदमै बढी प्रेम गर्दछिन् र उनलाई बच्चाले प्रतिक्षण देखिराखोस् ।

साधकले कसैप्रति द्वेष भाव राख्न हुँदैन । यदि राखिहाल्यौ भने पनि बारम्बार त्यसको चिन्तन नगर । यदि चिन्तनमा आउँछ भने पनि उसैको सामुन्ने कथनमा (बोलेर) प्रकट नगर । संसारमा सबैजना स्वार्थी छन्, अतः यस विषयलाई लिएर कसैप्रति द्वेष राख्नु गलत हो ।

मैले कुनै जीवलाई छोडी दिने कुरा कसरी सम्भव छ र ? यो त त्यस व्यक्ति विशेषको स्थितिमा निर्भर गर्दछ । जबसम्म अलग रहन्छ तब सम्म अलग रहला । तर जब ऊ भित्रबाट ठिक हुन्छ, कृपालुलाई तुरन्त ठिक भइहाल्नु पर्छ, चाहे त्यसभन्दा अघि उसले अनन्त अपराध गरेको किन नहोस् ।



## भगवन्नामको महत्त्व

नाममें है सर्व शक्ति गोविन्द राधे।
दुर्दैववश विश्वास ना बता दे॥

- राधा गोविन्द गीत

गौराङ्ग महाप्रभुले आफ्नो अष्टपदिमा बताउनु भएको छ -

नाम्नामकारि बहुधा निजसर्वशक्ति-
स्तत्रार्पिता नियमितः स्मरणे न कालः।
एतादृशी तव कृपा भगवन्ममापि
दुर्दैवमीदृशमिहाजनि नानुरागः॥

"हे श्रीकृष्ण ! तिमीले आफ्नो नाममा सम्पूर्ण शक्ति राखिदिएका छौ र नाम लिनका लागि कुनै शर्त पनि राखेनौ कि कुन बेला, कुन समयमा नाम लिने। तथापि मेरो दुर्भाग्य हो कि तिम्रो नाममा मेरो अनुराग हुन सकिरहेको छैन।"

भगवान्ले आफ्नो नाममा आफ्नो सम्पूर्ण शक्तिहरु राखिदिनु भएको छ। यो होइन कि - एक दुई वटा लुकाउनु भएको छ। भगवान् भेटिनु भए पनि त्यही कुरा, महापुरुष भेटिनु भए पनि त्यही कुरा, उहाँको नाम प्राप्त गरे पनि त्यही कुरा। सबै बराबर हुन्। यो तपाईंको बुद्धिको कमजोरी हो कि तपाईंले नामलाई भगवान्को बराबर मान्नु भएन, यसकारण तपाईंको अनुराग भइरहेको छैन नाममा। तपाईंहरुले जब कीर्तन गर्नु हुन्छ त्यसबेला यो सोच्नुहुन्न कि हामी के बोलिरहेका छौं। यदि तपाईं भगवान्सँग भगवान् भेटिनु भयो भने तपाईं भन्नु हुनेछ - भगवान्सँग भेट भयो र नाम पाउनु भयो भने कुनै प्रसन्नता हुँदैन। किन ? यसको मतलब हो कि तपाईंले सिद्धान्त बुभ्नु भएको रहेनछ। नाम र नामीलाई एउटै मान्नु भएन त्यसकारण प्रसन्नता भएन, विशेष अनुराग बढेन। भगवान् र उहाँको नाम दुवै बराबर हुन्, र त्यो नाम तपाईंसँग छ। दिन रात तपाईंले मुखबाट लिई राख्नु भएको छ अनि तपाईं लाई भगवान्को आवश्यकता किन पऱ्यो। भगवान् त यी सबैका दास हुन्। महापुरुष को दास - नम्बर एक, आफ्नो नामको दास - नम्बर दुई, आफ्नो गुणको दास - नम्बर तीन, आफ्नो लीलाहरुको दास - नम्बर चार, आफ्नो धामको दास - नम्बर पाँच, उनी त सर्वत्र दास बनेका छन्।

यदि भगवान् तपाईंको सामुन्ने उभिनु भएको छ र तपाईं उनलाई भगवान् मान्नु हुन्न भने कुनै लाभ हुँदैन । त्यस्तै भगवान्को नाम पनि भगवान्को समान छ, तर तपाईं मान्नु हुन्न भने कुनै लाभ पाउनु हुने छैन । तपाईं भन्न सक्नु हुन्छ - यो कुरा अलि चित्त बुझेन, किन ? यस्तो छ यदि विषलाई कसैले न जानेर खान्छ भने वा जानीबुझिकन खान्छ भने मर्छ नै । अमृत चाहे जानेर बुझेर खानुहोस् वा नजानेर, अमर त भई हालिन्छ । आगोमा प्रेमले चाहे जबर्जस्ती कसैलाई बाँधेर फ्याँकि दिऊँ, आगोले त जलाउँछ नै । त्यसै प्रकार यदि भगवान्को नाममा सबै शक्ति छ भने हामी नाम त लिइरहेका छौं, हामीलाई लाभ त पाउनै पर्छ। यो कुतर्क, वितर्क, अति तर्क तपाइँहरु गर्न सक्नु हुन्छ । तर तपाईंलाई थाहा होला कि विष यदि तपाईंको शरीरभित्र गयो भने त तपाईं मर्नुहुन्छ नै । अमृत यदि तपाईंको शरीरभित्र गयो रगतमा गयो भने तपाईं अमर त भइहाल्नु हुन्छ । यदि तपाईं कवच लगाएर आगोमा पस्नु भयो भने आगोसँग तपाईंको शरीर छोइएन भने तपाईं जल्नु हुन्न । यस्ता यस्ता पाउडर लगाउँछन् सबै शरीरमा लगाएर आगोमा बस्नु भयो भने आगोले जलाउन सक्तैन । आगोले त तपाईंलाई त्यसबेला जलाउँछ जब तपाई सोझै डाईरेक्ट आगोमा बस्नु हुन्छ, कुनै आवरण तपाईंमाथि नहोस् । त्यसै प्रकार भगवान् वा महापुरुष वा उनको नाम ले तब मात्र तपाईंलाई काम दिन्छ जब तपाईंको अन्तःकरणलाई त्यसले छुन्छ ।

नाम अरु नामी दोउ गोविन्द राधे ।
हैं एक अस विश्वास दिला दे ॥

महापुरुष भगवान् बराबर छन्, यो तपाईंको बुद्धिमा विश्वास होस् । भगवान्को नाम भगवान्को बराबर छ, यो तपाईंको बुद्धिमा विश्वास होस् । सेन्टपरसेन्ट (शत् प्रतिशत्) । प्वाएन्ट वन पर्सेन्टको गडबडी कहिल्यै नहोस् अनि फल पाउनु हुनेछ जुन भगवान्बाट पाइन्छ । सामुन्ने भगवान् हुनु भए पनि त्यही कुरा, महापुरुष हुनु भए पनि त्यही कुरा, तपाईंले भगवान्को नाम लिनु भयो भने पनि त्यही कुरा ।

यसै दृष्टिकोणबाट तुलसीदासजीले भन्नु भएको छ -

**"जासु नाम सुमिरत इक बारा"** । एक पटक नाम लिनु पर्याप्त छ, केवल एक पटक । तर विचार गर्ने हो भने एक पटक पनि भगवान्को नाम लिनु आवश्यक छैन । मात्र बुद्धिमा, मनमा निश्चय गरिलिदा हुन्छ बस् काम बनी हाल्छ । मुखले जिभ्रोले नाम लिन पनि आवश्यक छैन । साधनावस्थामा नाम लिदा विस्तारै विस्तारै अनुराग पैदा हुन्छ यसकारण नाम संकीर्तन आदि बताइएको छ ।

- जगद्गुरु श्री कृपालु जी महाराज

("नाम-महिमा" पुस्तकबाट साभार)




**प्रेमरस संकीर्तन नया संस्करण श्यामा श्याम धाम, ठिमी भक्तपुर पुस्तक स्टलमा उपलब्ध छ ।**





# सच्चा साधक

द्वेष गर्ने व्यक्तिप्रति पनि द्वेष नगरोस्, उदासिन रहोस् । आज कोही नास्तिक नै छ भने पनि भोलि त्यो उच्च साधक बन्न सक्छ । त्यसकारण साधकले यो नसोचोस् कि उसको पतन सदाको लागि भई सक्यो । सूरदास आदि सन्त उदाहरण हुन् । गुरुको सेवा गर्नेवाला त साधक नै हो, ऊ (गुरुको) प्रिय बनेको कारणले उप्रति द्वेष गर्नु पाप हो । साँच्चिकै कोही अपराधी भए पनि मनले पनि उसको भूतपूर्व अपराधहरुको बारे नसोच, नबोल । संसारमा भगवत्प्राप्तिपूर्व सबै अपराधी हुन् । ठुला ठुला साधकहरुको पतन एवम् ठुला ठुला पापीहरुको उत्थान एक क्षणमा हुन सक्छ । सबैमा श्रीकृष्णको निवास छ, अतः उनलाई नै महशुस गर ।

- जगद्गुरु श्री कृपालू जी महाराज
(साभारः आत्मनिरिक्षण)



# शरदपूर्णिमा

अनन्त सौन्दर्य माधुर्य सुधासिन्धु बलबन्धु श्रीकृष्णाका दिव्यलीलाहरू रहस्यमय छन् । पाँचहजार वर्षपहिले चित्तचोर रसिक शिरमोर ब्रजेन्द्रनन्दन एवं उनकी ह्लादिनी शक्ति, नित्य निकुञ्जेश्वरी, रासेश्वरी श्री राधारानीले शरदपूर्णिमाको दिन वृन्दावन स्थित दण्डक वनमा अधिकारी जीवहरूलाई सर्वोच्च कक्षाको रस वितरण गर्नुभएको थियो। लताकुञ्जमा कतै मीठो स्वरमा अलौकिक मुरलीको धुन बजिरहेको छ । त्यो मधुर ध्वनि सुनेर ब्रह्मा, विष्णु, शंकर आदि सबै मुग्ध भए। ब्रह्मलीन ज्ञानीहरूका समाधिस्थ ध्यान पनि छुटे। पशु, पक्षी आदि हिंडडुल गर्ने जीवहरू जडवत् भएर छक्क परेर उभिइरहे । पत्थर आदि जडवस्तुहरू हिँडडुल गर्ने जीवहरूझैं पग्लिएर बग्नथाले। मुरलीको तान सुनेर ब्रजगोपीहरू पनि कुल-मर्यादा बिर्सिएर जे जस्तो अवस्थामा थिए त्यसै अवस्थामा उठेर दौडिदै श्यामसुन्दर छेउ पुगे। आकाशका ताराहरू र चन्द्रमा आदिले पनि आ-आफ्ना गतिविधि बिर्सिए। त्यो जादुभरी धुन सुनेर गाईको बथान कान ठड्याउँदै आँखा चिम्लिएर मुरली सुधा-रस पिइरहेका छन् । हुन त बाछाहरू भोकै छन्, र उनीहरूका मुखमा पनि गाईका थुन छन्, थुनबाट दूध बगिरहेको छ, तैपनि मुरलीको धुनको वशमा परेर उनीहरू दूध पिउन पनि बिर्सिएजस्ता भएका छन्। कोइली, मुजुर, सुगा आदि पक्षी पनि मूर्च्छित भएर रूखबाट भुइँमा खस्तैछन् । शिवजी र सनकादिक परमहंसहरूका आँखाबाट आनन्दका आँसु बगिरहेका छन् । यतिमात्र कहाँ हो र ! यमुनाजीको प्राकृतिक धार पनि बग्न छोडेर स्थिर भएको छ । यो मुरली धुन सुनेर सबै ब्रजगोपीनीहरू कसैले जादु गारिदिए जस्तो गरी बौलाहीजस्ता भएर कुदे । कुनै गोपिनी भागेर गए । कुनै घरबाट निस्कन नपाएर आँसु झारेर बसिरहे । कुनै मुरलीको तान सुन्ने बित्तिकै मुखबाट हाय ! हाय ! भन्दै सुस्केरा निकाल्न थाले। कुनै त लोक-परलोकको ध्यान छोडेर वास्तवमै पागल भए । वनका मृगहरूसमेत आफ्ना मुखमा बुझो हालिसकेको घाँस नत चबाउन सक्छन् नत उगेल्न नै । ताल, तमाल, रमाल, साल आदि रुख पनि मानौं पग्ली-पग्लीकन आँखाबाट सबै आँसु बगाइरहेका छन्। मयूर, चखेवा, चखेवी, सुगा, कोइली आँखै नझिम्क्याई निरन्तर आनन्दका आँसु बगाइरहेका छन् ।



# जगद्गुरूत्तम अमृतवाणी


- श्री राधाकृष्ण का रूपध्यान करते हुये, उनके दिव्य प्रेम एवं दिव्य दर्शन की लालसा से रोकर उनका नाम, गुण, लीलादि संकीर्तन करना है। रूपध्यान सर्वाधिक महत्त्वपूर्ण है।

- रूपध्यान मन से बनाना सर्वश्रेष्ठ है। फिर भी स्वेच्छानुसार मूर्ति अथवा चित्रादिका अवलंब लिया जा सकता है, उस रूप में दिव्य भावना रखनी है, क्योंकि उनका देह चिदानन्दमय दिव्य है।

- रूपध्यान नवजात शिशु से लेकर १६ वर्ष की आयु तक का करना है।
  उस रूपका श्रृङ्गार आदि स्वेच्छापूर्वक नित्य तथा नव नव करते रहना है।
  रूपध्यान के साथ-साथ उनका अनेक मनभायी लीलाओं का भी ध्यान करना है।

- श्रीकृष्ण उनके नाम, उनके गुण, उनके लीला, उनके धाम, उनके सन्त जनों में पूर्ण अभेद मानना है। ये सब श्रीकृष्ण ही हैं। भगवान् एवं गुरु को सदा सर्वत्र अपने साथ निरीक्षक एवं संरक्षक के रूप में मानना है।

- खाली समय में यत्र तत्र सर्वत्र स्वांस स्वांस से '**राधेश्याम**' का जप करते रहना है।
  परदोष-दर्शन, परनिन्दा, (भलेही वह निन्दनीय हो) लोकरंजन, निराशा, आलस्य,
  विषयीजनों का संग आदि कुसंग से बचना है।



## जगद्‌गुरु श्री कृपालु जी महाराजसँग साधकहरुले राखेका जिज्ञासा एव तिनको नेपाली रुपान्तरण

# भाग १६५

**मानिसको वास्तविक लक्ष्य के हो ? भन्ने जिज्ञासाको समाधान गर्दै आचार्यवर भन्नुहुन्छ–** विश्वका सबै मान्छेलाई तिमी के चाहन्छौ भनेर एक्ला-एक्लै सोध्ने हो भने सबैले आनन्द चाहन्छौं भनेर एउटै उत्तर दिनेछन्। आनन्दका अनेक नाम छन् शान्ति, सुख आदि। आनन्द प्राप्तिका अतिरिक्त अरू कुराहरू पनि चाहन्छौं हामी जस्तैः हामी बाँच्न चाहन्छौं । स्वाभाविक हो किनकि हामीलाई मृत्यु मन पर्दैन। हामी सबै विषयको समग्र ज्ञान चाहन्छौं। हामी अरूलाई आफूभन्दा धेरै जान्ने भएको देखेर खिन्न हुन्छौं। हामी सबैमाथि शासन गर्न (अधिकार जमाउन) चाहन्छौं अर्थात् कसैले हाम्रो कुरा मानेन भने हामी दुःखी हुन्छौं। हामी स्वतन्त्रता चाहन्छौं यानि हामीमाथि कसैको पनि नियन्त्रण प्रिय लाग्दैन। तर यी सबै चाहनाहरूको एकमात्र लक्ष्य चाहिँ आनन्द प्राप्ति नै हो।


**के सांसारिक वस्तुहरूबाट आनन्द प्राप्त हुनसक्छ ? भन्ने जिज्ञासाको समाधानमा गुरुवर भन्नुहुन्छ–** त्यस्तो कुनचाहिँ सांसारिक वस्तु छ, जसमा आनन्द छ ? यदि संसारको कुनै मदिराको नाम सुनेर मदिरा सेवन गर्ने व्यक्तिलाई आनन्द आउँछ। तर एउटा धर्मात्मा पण्डितजीलाई चाहिँ त्यो शब्द सुन्नेबित्तिकै अशान्ति अर्थात् दुःख हुन्छ । व्यक्तिहरू जब रसबरी खान्छन् त त्यतिबेला उसलाई खुसी लाग्न सक्छ। दोस्रो रसबरी खाँदा केहीकम खुसी हुन्छ। तेस्रोमा अझ कम हुन्छ।

पाँच-सातवटा खाएपछि सुख पनि हुँदैन र दुःख पनि हुँदैन। दशवटा खानुपर्‍यो भने अब ऊ दुःखी हुन थाल्दछ । त्यसभन्दा बढी कसैले जबर्जस्ती ख्वाउन खोज्यो भने ऊ चिच्याएर भन्न थाल्नेछ कि भो, बाबा भो, अब म मर्छु। यदि रसबरी भन्ने वस्तु विशेषमा सुख हुँदो हो त यस्तो घटी र बढी किन हुन्थ्यो ? अनि फेरि दुःख किन हुन्थ्यो ? यो सबै धोका हो। त्यसकारण सांसारिक वस्तुमा सुख छ भन्नु केबल हाम्रै कल्पना मात्रै हो। जुन वस्तुमा जसले जे जति सुख छ भन्ने मान्छ त्यसबाट त्यसलाई त्यति नै मात्रामा सुखको अनुभूति हुने मात्रै हो। अमुक वस्तुबाट अमुक मात्राको सुख प्राप्त भैरहेको छ भन्ने भ्रान्त धारणा त व्यक्तिहरू स्वयम्‌ले अज्ञानतावश बनाएका मात्रै हुन्।


दिव्य प्रवचन एवम् रसमय संकीर्तन

हरेक दिन


रेडियो नेपाल
RADIO NEPAL




बिहान ५:२५ बजे

# आत्मनिरीक्षण

**साल साल बिता जाये गोविन्द राधे ।**
**अब तो हठिलो मन हरि में लगा दे ।।**



आज यस वर्षको अन्तिम दिन हो । भोलि सम्पूर्ण विश्वमा हर्ष मनाईने छ। तर यो गल्ती हो किनभने यो हर्षको विषय होइन । नयाँ वर्ष आउनु यो हर्षको विषय होइन, यो शोकको विषय हो । जस्तै तपाइसँग बैंकमा एक लाख रुपैया छ त्यस मध्ये पचासहजार खर्च भयो भने तपाई खुसी मनाउनु हुन्न । तपाई सोच्न थाल्नु हुन्छ, ओहो ! अब त पचास मात्र बाँकि रह्यो, अब त दुई हजार मात्र बाँकि रह्यो, अब त एक हजार मात्र बाँकि रह्यो। त्यस्तै यो मानव देह जुन भगवान्ले हामीलाई आफ्नो लक्ष्य प्राप्तिको लागि दिनु भएको छ, हामीले यसमा कति दूरी तय गऱ्यौं । भगवान्को नजिक कति पुग्यौं ? कति उपासना गऱ्यौं ? उपासनाको अर्थ हो नजिक पुग्नु । भगवान्को नजिक पुग्नु यसको शब्द हो उपासना । 'उप' उपसर्ग हो, 'आस' धातु बाट 'युच' प्रत्यय लागेर 'अन्' लागेर पास (नजिक) भएर उपासना शब्द बन्दछ । ऊ भगवान्को नजिक कति पुग्यो ? जस्तै कसैलाई जाडो लागिरहेको छ र अगाडि आगो बलिरहेको छ भने उ जति आगोको नजिक जान्छ त्यति नै मात्रामा जाडो टाढा भाग्छ ।

**शीतं भयं तमोक्प्येति साधून् संसेवतस्तथा ।**
**(भाग. ११-२६-३१)**

त्यसो भए हामी भगवान्को नजिक कति पुग्यौं, कति प्रतिशत पुग्यौं, अब कति टाढा हुनुहुन्छ भगवान् । संसार बाट कति टाढा गयौं, यो सबै विचार गर्नु पर्छ । हामी सोच्दै सोच्दैनौं । हामी खुसी मनाउँछौं । राम्रै भयो, बिस वर्ष काट्यौं । अब पचास पनि गएछ, अब असी पनि गएछ । आफ्ना छोराहरुसँग, नातिहरुसँग बडो शानले भन्दछौं, हेर बाबु ! हाम्रो त के छ र , हाम्रो त अब बिति सक्यो । तिमी आफ्नो चिन्ता गर । अरे ! के बितेको छ र ? यो सोचेका छौ र, मानव देहको समय बितेको कुरा। यदि कसैलाई दश वर्षको कारागारको सजाय भयो, उसले यो सोच्न थाल्छ नौ वर्ष बितेछ, अब साढे नौ वर्ष बितेछ, अब भोलि छुट्ने छु , उसले खुसी मनाउन मिल्छ । तिमी के खुसी मनाई रहेका छौ ? मृत्यु पछि पनि कहीं मुक्ति हुन्छ र ? यस चौरासी लाख को कारागारबाट छुटकारा पाउँछौ र ? यस्तो त तिमीले केही गरेका छैनौ, यस्तो त तिमीले सोचेका पनि छैनौ । फिल (मनमा गडेको) गरेको भए, मर्नुभन्दा एक सेकेण्ड अघि मात्र पनि फिल गरेको भए, ठिक ठिक फिल गरेको भए, एक सेकेण्ड अघि मात्र पनि मन भगवान्मा लगायौ भने कामकुरो ठिक हुने थियो ।

**यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।**
**(गीता ८-६)**

अन्तिम समयमा जस्तो चिन्तन हुन्छ त्यस्तै नै गति मिल्दछ । त्यसैले त हामीलाई धेरै हर्ष मनाउनु छैन, हामीलाई विचार गर्नु छ, आफ्नो निरीक्षण गर्नु छ, आत्मनिरीक्षण । हेर, राजनीतिमा सबै पार्टीहरु इलेक्सनपछि आ-आफ्नो पार्टीको गतिविधिहरुको विश्लेषण गर्दछन्, आत्मनिरीक्षण गर्दछन् कि हामी किन हाऱ्यौं ? हामीले त्यस्तो के गडबड गऱ्यौं? हामीद्वारा त्यस्तो के हुन पुग्यो ? के कमी थियो, त्यसलाई हामी कसरी पुरा गर्न सक्छौं ? त्यसै प्रकार हामीले पनि वर्षको अन्तिममा एकदमै धेरै आत्मनिरीक्षण गर्नु पर्छ। प्रत्येक महिनामा पनि हामीले एक पटक गर्नु पर्छ र सक्छौं भने हरेक दिन दुई तिन मिनेट सुत्नु अघि सोच्नु पर्छ, आज मैले के गरें ?

राम्रो गरैं कि न राम्रो गरैं ? संसारमा मन कति लगाएँ, भगवान्मा कति लगाएँ। यदि प्रत्येक दिन विचार गर्‍यौं भने अर्को दिन गडबडी कम हुँदै जानेछ। फेरि हरेक महिनामा सोच्यौं भने अर्को महिनामा अझ कम हुँदै जानेछ। तर हामी कहिले पनि सोच्दै सोच्दैनौं। निर्भय बनेका छौं ! हो त हामीलाई मर्नु छ र ? अरे अहिले त के भन्ने भर्खर नब्बे वर्षको मात्र त भयौं । अरे के छ विचार तिम्रो, सय वर्ष । ल ठिक छ, मानीलिउँ। दुई सय वर्षको भयौ, ल ठिक छ, मानी लिउँ। त्यस पछि के हुन्छ ? यो जुन आत्म निरीक्षण छ त्यसमा तपाँईले पाउनु हुनेछ कि हामीले धैरै लापरवाही गर्‍यौं तर अझै मौका बाँकि छ। एक जना डि. यम. (डिस्ट्रिक्ट मैजिस्ट्रेट अर्थात् सि. डि. ओ.) थिए, आफ्नो अनुभव मलाई बताउँदै थिए कि *"म एक कम्पिटिसनमा (प्रतिस्पर्धा) मा बसी लेख्दै थिए, सोच्दा सोच्दै निद्रा लाग्यो र एक घन्टा सुत्या सुत्यै भए। एक घन्टा पछि जब निद्रा खुल्यो त आधा घन्टा समय बचेको थियो, छिटो छिटो लेख्न थालें र पछि फेल भएँ।"* तर आधा घन्टा त कमसेकम उसले पायो । हामी त मृत्युको समय सम्म पनि सोच्दैनौं । कहिले बनाउने हो ? यताको बनाउन त निकै बढी सोच्दैछौं। हो, छोराको बनी हालोस्, श्रीमतीको बनी हालोस्, नातिको बनी हालोस्, यसको पनि बनी हालोस्, उसको पनि बनी हालोस्, सबै अरबपति बनी हालून्, यही त हामी धैरै सोच्दछौं !

आत्माको लागि कमाउने सम्बन्धमा सोच। तिमी आत्मा हौ, शरीर होइन । शरीरलाई त छोड्नै पर्छ, जबर्जस्ती छोड्न लगाइन्छ यो शरीरलाई। त्यसकारण हरेक वर्ष आत्म-निरीक्षण गर र फिल गर (मनमा अनुभूति गर) र अर्को वर्षको तयारी गर कि अबको वर्ष काम बनाउनु नै छ। के ठेगान छ र पुरै वर्ष पाइन्छ कि पाइदैन । छ महिना मात्र पाइन्छ कि, एक महिना मात्र पाइन्छ कि।

**क्षणभंगुर जीवन की कलिका,**
**कल प्रातः को जाने खिली न खिली।**

बिहान होस् या न होस् । आगराका एक जना ईन्जिनियर साब थिए, जसले हाम्रो मनगढको सत्संग भवन बनाएका थिए। उनी एकपटक राति सुते र भोलि बिहान उठेनन्। कसै लाई थाहा नै भएन। होइन के भयो ? सुतेकै अवस्थामा हार्ट फेल भएछ। यस्तो हुन्छ काल। समय आयो भने कालले एक सेकेण्ड को समय पनि दिने छैन। जानै पर्छ। जो सुकै होस्। राजा, रङ्क, फकिर जो सुकै होस्। जानै पर्छ । सबैलाई जानै पर्छ । सिद्ध महापुरुषलाई पनि जानै पर्छ । मायाबद्धको बारेमा त के भनौं । कोही हाँस्दै जान्छन्, कोही रुँदै जान्छन् । हेर ! भगवान् पनि आउँछन्, जान्छन् । एघार हजार वर्ष पुरा भए पछि भगवान् रामकहाँ यमराज गएर भनेछ : महाराज ! समयको सम्झना गराउन आएको छु। भक्तहरुको प्रेममा भुल्नु भयो कि एघारहजार वर्ष बितेको ! हजुर जति दिनको लागि आउनु भएको थियो हजुरको समय पुरा भई सके छ। अब हजुरको ईच्छा छ भने बस्न सक्नु हुन्छ, म केहि पनि भन्दिन।

यसकारण भोलि नयाँ वर्ष प्रारम्भ हुनेछ त्यसको खुसी तब मनाऊ जब मनलाई जबर्जस्ति, त्यसले यदि हठ गर्छ भने तिमी पनि बुद्धिद्वारा हठ गर र भगवान्मा लगाऊ। त्यो लाग्दैन, लगाउनु पर्छ। यसै आशामा तिमी अनादि काल देखि बसेका छौ कि मन लगाउनु छ, लगाउनु छ। किन लाग्छ ? तिमी संसारमा लगाइरहेका छौ, अभ्यास गरिरहेका छौ, संसारमा लगाउनका लागि र मन लागोस् भगवान मा ? यो कसरी हुनसक्छ ? जसमा मन लगाउने अभ्यास गर्छौ त्यसैमा पो लाग्छ। बडो सुन्दर ढङ्गबाट वेदव्यासले एक श्लोकमा भनेका छन् -

**विषयान् ध्यायतश्चित्तं विषयेषु विषज्जते ।**
**मामनुस्मरतश्चित्तं मय्येव प्रवीलीयते ॥**

सांसारिक विषयहरुको सुखको चिन्तन बारम्बार गर्‍यौ भने त्यसमा एटैचमेन्ट (अनुराग) हुन जान्छ र मसँग सुखको चिन्तन बारम्बार गर्‍यौ भने म मा एटैचमेन्ट हुन जान्छ । बस् चिन्तन गर्ने कुरो हो। जति धैरै चिन्तन हुन्छ, त्यति धैरै एटैचमेन्ट हुन्छ। त्यो चिन्तन हामीलाई नै बढाउनु छ। बस बुझ्नु पर्ने कुरो यति मात्र त हो।

साधारः आत्मनिरीक्षण
जगद्गुरु श्री कृपालु जी महाराज

जानकारी :
प्रत्येक शनिबार बिहान ८:३० बजेदेखि बेलुका ४:०० बजेसम्म श्यामा श्याम धाम, ठिमीमा जगद्गुरु श्री कृपालु जी महाराजद्वारा निर्देशित भक्ति-साधनाको क्रियात्मक अभ्यास गरिन्छ ।



## जगद्गुरु श्री कृपालु जी महाराजका गुरु को थिए ?


हामी सबैको मनमा एउटा जिज्ञासा सदा रहने गरेको छ कि हाम्रा प्रातः स्मरणीय गुरुदेवको  गुरु को हुनुहुन्थ्यो .......? यति धेरै ज्ञानका कुरा कोबाट सिक्नु भयो ? उहाँको पनि गुरुको बारेमा राखेका जिज्ञासाका सम्बन्धमा श्री महाराजजी प्रायः हाँसेरै टार्नु हुन्थ्यो । तर एक पटक उहाँले अप्रत्यक्ष रूपमा केही महत्त्वपूर्ण कुरा बताउनु भएको छ । सांसारिक विद्या पनि जब कुनै गुरुको बिना सिक्न सकिन्न भने आध्यात्मिक विद्या कसरी सिक्न सकिन्छ ? शास्त्र भन्दछ कि त्यो ज्ञान गुरुबाट नै शिष्यले प्राप्त गर्दछ । **"आचार्यवान् पुरुषो हि वेद"** फेरि कसरी भन्नु हुन्छ कि हजुरको कुनै गुरु हुनुहुन्न भन्ने पटक पटक राखेको जिज्ञासाको बारेमा श्रीकृपालुजी महाराजले यसप्रकार स्पष्ट पार्नु भएको छ :

*१६ वर्षको उमेर पश्चात मेरा सबै कुरा लोकवत् (सांसारिक) छैनन् , संसारी नियम-कानुन अनुसार छैनन्, जब कि मानिसहरु त्यसैको अनुसार (सांसारिक ढङ्गबाट) बुझ्न चाहन्छन् । यस्तो कुनै विषय छैन चाहे सांसारी हो चाहे आध्यात्मिक, जसको बारेमा मैले ए, बि, सि, डिबाट सुरु गरेको होस् । भारतको कुनै व्यक्तिले यो बताओस् कि मैले उसबाट केही सिकेको हुँ, वा पढेको हुँ । एउटा अक्षर पनि पढेको वा सिकेको होस्, तब पो भन्न सकिन्छ कि बुद्धि तीब्र थियो, यसकारण छिटो सिक्यो ।*

तर यस्तो कुनै निमित्त नै देखिएको छैन । कसैले मलाई किताब लिएर पढिरहेको देखेको पनि छैन । सबैजना यही सोच्दछन् कि संसारमा कोही निमित्त त हुनै पर्दछ । रामकृष्ण आदि अवतार हरुमा तथा आदि जगद्गुरु शंकराचार्यले पनि कोही निमित्त बनाउनु भयो जबकि मैले कोही निमित्त नै बनाईन भने म के बताऊँ । संसारमा भएकाहरुसँग यो कुरा बुझ्ने शक्ति छैन ।

१६ वर्षको उमेरसम्ममा कुनै व्यक्तिलाई एउटा भाषाको समेत पूर्ण ज्ञान हुन सक्तैन । समस्त शास्त्र - वेदहरुको पूर्ण ज्ञान त हजारौं वर्ष पढेर पनि हुन सक्तैन । कसैले पढोस् र उसलाई कुनै विद्या आओस्, यो भौतिक नियम हो । कसैलाई कुनै विद्या थोरै पढेर नै आइहालोस्, यो त संस्कार जन्य कुरा हो तर कसैलाई नपढेर नै आइहालोस् यो त अलौकिक हो । यस्तो उसैलाई हुन्छ जो भगवद् शक्तिबाट जोडिएको होस् । जब ईश्वरसँग कसैको कनेक्सन हुन्छ उसलाई त्यहाँबाट त्यो शक्ति प्राप्त भई हाल्छ । उसलाई समस्त विद्याको ज्ञान, जसलाई ऊ जान्न चाहन्छ , नपढेर नै प्राप्त भई हाल्छ ।

-जगद्गुरु श्री कृपालुजी महाराज
(साभार : "प्रश्नोत्तरी" पुस्तक)





## English Section

## "Words of Wisdom : Q & A between Shree Maharaj ji and devotees"

**Devotee: Maharaj Ji, which is better, sitting in one place practicing devotion or rendering devotional service?**

**Maharaj Ji:** The Sanskrit word for 'devotion' is 'service.' The root word for Bhakti (devotion) is 'Bhaj', meaning 'service'. The concept of devotional service has been added to the very beginning stages of nine-fold devotion. This means that both sense organs as well as the mind must be engaged in service. It's imperative to have the involvement of the mind. Always think that you are trying to please **God and Guru** with your service.

Sitting and doing only Roopdhyan is possible only for a very advanced devotee. This is not possible for a beginner. In the beginning, the aspiring devotee grows tired of doing Roopdhyan for even ten minutes. He starts to feel sleepy. His mind encourages him to sleep, and he promptly goes off to sleep. Even the great yogis are not able to control the mischievous mind.

When you are engaged in seva, you don't feel sleepy because your body is involved. As for devotion, you are doing that in your mind. When engaged in doing devotional service, you are doing both devotion and seva. Even after God-realization, the devotee begs God for seva.

In the beginning, you serve your Guru. When you reach God's divine abode, you will serve both God and Guru.

Thus, seva is greater than sadhana. However, you must make sure that the mind is simultaneously engaged in thoughts of God and Guru. While performing service, you are doing both seva and sadhana.

**Devotee: Maharaj Ji, why did Lord Krishna become the beloved of the Gopis? This conduct is condemned by the Vedas, is it not?**

**Maharaj Ji:** This is a question Pareekshith had asked Shukdev Paramhans, and he had explained that God is like fire. Many impure objects are thrown into fire, yet fire remains pure. Fire devours even a dead body but does not become impure. An individual may jump into fire or may be pushed into fire, yet fire will do its work. Like fire, God purifies the impure but does not ever become impure.

*Source: Radha Madhav Society, Duluth.*



# तपाईंको जिज्ञासा, स्वामी श्रीहरिदासजीको समाधान

भाग – १२८



**भगवान् भनेको के हो ? भन्ने जिज्ञासाको समाधान गर्दै स्वामी श्री हरिदासजी भन्नुहुन्छ–** भगवान् भनेको सुख हो, आनन्द हो जसमा सर्वत्र आनन्दै आनन्द छ, दुःख लवलेश पनि छैन त्यो भगवान् हो । चाहे सुख भन्नुस् चाहे आनन्द भन्नुस् श्लोक आनन्द.....छान्दोग्योपनिषद्, वेद भन्छ, जसमा तल आनन्द, माथि आनन्द, दायाँ आनन्द, बायाँ आनन्द त्यो हो भगवान् । जीव केहो ? जीवको बारेमा वेद भन्छ श्लोक चिन्मात्र....... अर्थात जीवात्मा त्यो आनन्दको अंश हो । गीता १५.७ मा पनि यही बताइयो श्लोक ममैवांशो.....अर्जुन जीवात्मा मेरै अंश हो । श्लोक मारवल... ईश्लाम, अर्थात् जीव अल्लाहकै अंश हो । If soul .... बाइबिल । सब बताउँछन् ईश्वरको अंश जीवात्मा हो । यो जीवात्माले आफ्नो अंशीलाई प्राप्त नगरेसम्म सधैं छट्पटाइरहन्छ, दुःखी रहन्छ । एक बच्चा छ तपाईंको काखमा, तपाइँको आफ्नो बच्चा । अरू कसैको काखमा दिनुस् रून, कराउन, छट्पटिन थाल्छ । फेरि तपाईंकै काखमा दिएपछि चुप लाग्छ । किन ? किनकि त्यो बच्चा तपाइँको अंश हो । तपाईं त्यसको अंशी हो । त्यसैले चुप लाग्छ । छट्पटाहट खतम हुन्छ, शान्ति हुन्छ । त्यस्तै भगवान्को सन्तान हो जीवात्मा । श्लोक अमृतस्य....वेद त्यसैले उसलाई नभेटेसम्म जीवात्मा सुखी हुन सक्दैन, छट्पटाहट भैरहन्छ । सच्चिदानन्द ब्रह्म तपाइँहरूले सुन्नुभएको छ भगवान्को नाम । सच्चिदानन्द माने ? सत्, चित्, आनन्द । यो तीन चीज जसमा छ त्यो भगवान् हुन्छ । सत् माने नित्य सत्तावाला । श्लोक नासतो...जसको कहिल्यै क्षय हुँदैन, नित्य सत्ता रहन्छ यो सत् । जसमा ज्ञान भरिपूर्ण छ, सर्वज्ञ छ यो चित् । र अर्को आनन्द । यी तीन चिज जसमा छ त्यो भगवान् । तपाइँहरूमा पनि छ तर अल्प छ, भगवान्मा पूर्ण छ । श्लोक पूर्णमदः...वेद वृहदारण्यपनिषद् ५.१.१.. । यो हो भगवान्को परिभाषा ।

यो सत्, चित्, आनन्द जुन छ यसमा सत् र चित्को लय हुन्छ आनन्दमा । व्यक्तिहरूले केवल आनन्द बोल्न सक्छन् तर सत् चित कसैले बोल्दैन । चित सत् कसैले बोल्दैन । आनन्द कम्पलसरी छ । यदि आनन्द छैन भने त्यो भगवान् हुन सक्दैन । त यो आनन्दको सारभूत तत्त्व जुन छ त्यो हो भक्ति । भगवान्को अन्तिम अथोरिटि । भगवान्को जनैको साँचो । तपाईंहरूको संसारमा सब चिज बाँडिसकेपछि पनि घरबूढाले के थाहा भोलि छोराछोरीले हेर्लान् कि नहेर्लान् भनेर जनैमा साँचो राख्छन् नि ! आफ्नो कन्तुर छुट्टै राखेर मर्ने बेलासम्म ! हो त्यो पनि बुझाइदिएपछि त अब शरणमा आउनुपर्‍यो । दिए खान पाइयो नत्र पाइएन हैन ? त्यस्तै त्यो जनैको साँचो हो भक्ति । यदि भगवान्ले त्यो दिए भने फेरि बस अब तपाईंको इशारामा नाच्नुपर्छ भगवान् । यो हो भक्ति, सच्चिदानन्द ब्रह्म । यो परिभाषा भगवान्को । हामी पनि ज्ञाता छौं तर अल्पज्ञानी छौं । हामी आँखाले जे देख्याछौं यो हलभित्र यति नै कुरा जान्न सक्छौं । अहिले घरमा के भैसक्यो आगो लागिसक्यो कि पत्तो छैन तपाइँहरूलाई तर भगवान् सब जान्दछन् त्यसैले सर्वज्ञ आनन्दमय । हेर्नुस् द्वारकामा भगवान्का १६ हजार एक सय आठ रानीका १०,१० पुत्र थिए । अन्त्यमा ती सब एक आपसमा काटाकाटा गरी मरे । श्रीकृष्ण सब देखिराछन् तर रोएनन्, मुस्कुराइराछन् । आनन्दले लवालव भरियाछन् । त्यहाँ दुःख त छदै छैन । त्यसैले यो हो भक्ति जुन प्राप्त भएपछि कुनै प्रकारको दुःख कष्ट हुँदैन ।

# नामापराधको विज्ञान

**कलि सर्व दोष खानि गोविन्द राधे ।**
**गुण कृष्ण कीर्तन हरि से मिला दे ।।**
*- राधा गोविन्द गीत*

अर्थात् - यद्यपि कलियुग सम्पूर्ण दोषहरुको खानी हो तथापि यस युगको सबैभन्दा ठुलो विशेषता यो हो कि अन्य युगहरुमा जहाँ भगवान्लाई प्राप्त गर्न अत्यन्त कठिन साधनाहरु बताइएको छ भने कलियुगमा केवल भगवन्नाम गुण कीर्तनरूपी अत्यन्त सरल साधनद्वारा नै जीवसँग भगवान्को भेट हुन सक्छ । सबै शास्त्रहरुले यही कुरा दोहोऱ्याइरहेका छन् :

**कृते यद्ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।**
**द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥**
**(भाग. १२-३-५२)**

**स्कन्द पुराणमा पनि वेदव्यासजी ले भन्नु भयो -**
**हरेर्नामैव नामैव नामैव मम जीवनम् ।**
**कलौ नास्त्येव नास्त्येव गतिरन्यथा ॥**

तर समस्त शास्त्रहरुमा यी सबै पढेर सुनेर एउटा प्रश्न उत्पन्न हुन्छ कि भगवन्नाम संकीर्तन त हामीले सैकडौं पटक गरेका थियौं तर भगवत्प्राप्ति किन भएन ? कृष्णको नामबाट आनन्दको अनुभूति समेत हुँदैन, जबकि सांसारिक छोराको नाम लिंदा त रोम रोम पुलाक्रित भई हाल्छ ।

यसको कारण यो हो कि हामीले भगवन्नाम संकीर्तन ठिक तरिकाले कसरी गर्ने भनेर बुझेका रहेनछौं, हामीले त खाली माला घुमाइ रह्यौं, कीर्तन गरी रह्यौं, उनको नामको महत्त्व नजानेर, नबुझेर नाम मात्र लिई रह्यौं । यस्तो कीर्तनले काम बन्दैन, त्यसकारण कबीरदास जी भन्नु हुन्छ -

**माला फेरत जुग भया गया न मन का फेर ।**
**कर का मनका डारि के मन का मनका फेर ॥**

**गौराङ्ग महाप्रभुले पनि भन्नु भएको छ -**
**बहु जन्म करे यदि श्रवण कीर्तन ।**
**तभूँ नाँय पाय कृष्णपदे प्रेम धन ॥**


हेर ! यस्तो कीर्तन त तिमी अनन्त जन्मसम्म गरी राख, प्रेमधन पाउने छैनौ । यसकारण संकीर्तन गर्नु भन्दा पहिले त्यस भगवन्नामको महत्त्वलाई ठिक ठिक बुझ्नु पर्छ ।

जसरी कुनै वस्तुको महत्त्व नजान्नुको कारणले हामी त्यसको लाभबाट वञ्चित रहन्छौं । त्यसै प्रकार संकीर्तन गर्ने समयमा भगवन्नामको महत्त्वलाई नजानेको कारणले नै भगवन्नामको लाभबाट वञ्चित रहन्छौं ।

**नाममें अचिन्त्य शक्ति गोविन्द राधे ।**
**नामापराधी लाभ पाये न बता दे ॥**
**- राधा गोविन्द गीत**

भगवान्, उनको नाम, उनको रूप, उनको लीला, उनको गुण, उनको धाम, उनको सन्त यति वस्तुहरु यस्ता छन् जसमा सबैमा सबैको निवास छ, अर्थात् यी सबैमा कुनै स्यानो ठुलो हुँदैन । जुन शक्ति, जुन गुण भगवान्मा छ त्यही महापुरुषमा छ, त्यही उनको नाममा छ, त्यही उनको गुणमा छ, त्यही उनको लीलामा छ, त्यही उनको धाममा छ, सबै वस्तु सबैमा बराबर छ । प्वाएन्ट वन परसेन्टको पनि अन्तर छैन । यस विज्ञानलाई एकदमै सावधानीका साथ सदा मस्तिष्कमा राख्नु छ जबसम्म कि भगवत्प्राप्ति नभईहालोस् । अन्यथा अपराध लाग्छ ।

भगवान् आफ्नो समस्त शक्तिका साथ नाममा बस्नु भएको छ तर नामापराधीले यसको लाभ पाउन सक्तैनन् ।



अपराध त धेरै किसिमका हुन्छन् , तपाइँहरुले सुन्नु भएकै होला। धेरै किसिमका पाप हुन्छन् तपाइँहरुलाई धेरै थोरै त थाहा होला नै । जस्तै झुठो बोल्नु पाप हो, चोरी गर्नु पाप हो, आदि। यसै प्रकार महापाप पनि हुन्छन् - पाँच प्रकारका महापाप हुन्छन् -

**१. सुनको चोरी गर्नु**
**२. सदाचारी ब्राह्मणको हत्या**
**३. गुरु पत्नीप्रति दुर्भावना**
**४. रक्सी खानु**
**५. रक्सी खाने व्यक्ति (शराबी) को सङ्ग गर्नु**

तर यी सबै पाप पनि एकदमै स्याना हुन् । सबैभन्दा ठुलो पाप हुन्छ "**नामापराध**" । भगवान्, उनको गुण, उनको नाम, उनको रूप, उनको लीला, उनको धाम, उनको सन्त - यी सबैमा कसैलाई स्यानो ठुलो मान्नु, यो नामापराध हो ।

समस्त पापहरुको प्रायश्चित शास्त्रहरुमा लेखिएको छ। तपाइँले ब्रह्म हत्या गर्नु भयो, गोहत्या गर्नु भयो, झुठो बोल्नु भयो, कुनै पाप गर्नु भयो, सबैको प्रायश्चित लेखिएको छ शास्त्रहरुमा, यसो यसो गर्नु भयो भने प्रायश्चित भई हाल्छ । अर्थात् तिमी ती पापहरुबाट मुक्त भई हाल्छौ । तर नामापराधको कुनै प्रायश्चित शास्त्रहरुमा लेखिएको छैन। अक्षम्य अपराध हो यो ।

यस नामापराधको कारण नै अनादिकालदेखि अहिलेसम्म अनन्त पटक हामीहरुले भगवान्लाई देख्यौं, सन्तहरुलाई देख्यौं, नाम पनि लियौं, गुण पनि गायौं, लीलाहरु पनि गायौं तर सबै निरर्थक हुन पुग्यो । जबसम्म नामापराधको विज्ञान हामीले बुझ्दैनौं र यसबाट बच्दैनौं तबसम्म हाम्रो सबै कमाइ त्यसै प्रकार व्यर्थ हुन जान्छ जसरी तपाईले कुनै ठुलो सहरमा आफ्नो जीवनको सम्पूर्ण कमाइ  दोबाटोमा राखेर राति सुत्न जानु भयो अनि बिहान त्यो सम्पत्ति लिन जानु भयो भने जिरो बट्टा सय पाउँछौं ।

**जगद्गुरु श्री कृपालु जी महाराज**
**(साभार-"नाम महिमा" पुस्तक)**

# साधक विचार एव अनुभूति
## भाग ०५

यो जगत् र यसको स्वभावसित आत्माको चाहनाको मिलन हुन असम्भव छ । मनले जगत् तिर लतारिरहन्छ । आत्मा बालक सदृश मनको बहकाउमा भुलिरहन्छ । सोच्छ, मेरो खोज यो संसार होइन । अर्कै छ, अर्कै छ, तर के हो त्यो अर्कै, पत्तो छैन । यही संसार को मटमैलो स्वार्थी व्यवहारसित मिलान गर्न खोज्दा खोज्दै, आत्मतत्त्व केही नजानी नपाई विचरा कालको घेरामा फेरि बन्दी भई अर्को कुनै योनिमा जन्म लिन पुग्छ । फेरि नयाँ ठाउँ, नयाँ शरीर, नयाँ जोश, नयाँ बन्धु बान्धव उही घुमाइ । हे भगवान् ! सदा यो आत्मा मलिन रहन्छ, छटपटाइ रहन्छ । मूर्ख जपी रहन्छ, यो भएन, यो पुगेन, त्यो भए हुन्थ्यो, अरुले गरिदिए हुन्थ्यो । मलाई दिए हुन्थ्यो, दिएनन् । हे भगवान् ! हुँदा हुँदा भगवान्लाई दोष लाउँछ । भगवान्ले दिएनन्, मलाई दिएनन्, हेरेनन् ! लौ रटनामै फेरि डुब्यो चुर्लुम्म । मलाई ले भन्छ पनि, सबै आफ्नै कर्म को फल हो । त्यो तुरुन्त विर्सन्छ । फेरि भुल्दछ, अरुले दिएनन् । यो मूर्ख तर्क अज्ञान कुनै जन्ममा पनि सुधार हुने भएन । जबसम्म अज्ञान नाश हुन्न, सुख चैन आनन्द कहाँ मिल्नु ! अज्ञान, यो नश्वर संसारमा, नश्वर वस्तुसँग सुख आनन्द छ भनी मरी मेट्नु हो । बत्तिमा बिचरा पुतली झुम्मिएर डढी आफैं नाश हुन्छ, ठिक त्यही हो ।

ध्यान के हो ? कसरी गर्नु पर्छ ? यो किन गरिन्छ ? ध्यानबाट के प्राप्ति हुन्छ ? ध्यान साधन हो । ध्यान लक्ष्य सहित हुनुपर्छ । आनन्दको लागि ध्यान गरिन्छ । ध्यान मुस्किल छ, ध्यान साधन भएकोले ठिक ठिक साधना हुन गएमा, गुरु निर्दिष्ट हुन सकेमा, लाभको अनुभूति हुँदै जान्छ ।

यो जगत् विचित्रको छ, ईश्वर, मनुष्य, कीट, पतङ्ग सबै शान्ति चाहन्छन् तर सब अशान्त छन् । ईश्वरलाई सर्वेसर्वा, सर्व नियन्ता, सर्व साक्षी, सर्वेश्वर कालदेखि पर भएर पनि नपुग्ने । चर, अचर, जड, जङ्गम, भूत, भविष्य, वर्तमान सब, कण-कण व्याप्त भएर पनि नपुग्ने, लीला गर्नु पर्ने । उद्देश्य, सबको कल्याण हेतु अशान्त रहनुपर्ने । रमाइलो गर्न, मजा गर्न, हाम्रो कल्याण गर्न, वरावर अवतार लिइलिइकन आउनु जानु पर्ने । हामी त हामी भइगयौं । अशान्त, अतृप्त, भुखा, प्यासा सदा गोलमटोल । एकथरी स्वरूप छ, मजा लिन ध्यान गर्नु पर्छ । भन्छन ! आनन्द आउँछ, कुरो ठिकै हो । आँखा चिम्लिएर बसे पछि केही गर्नै परेन, सजिलो । लडाई झैं-झगडा सब बन्द । हो, ठिक हो, ध्यानमा आँखा चिम्लिएर बस्दा बाहिरी दृष्टि त अगोचर भयो । तर भित्री मनले रात दिन बुन्ने संसार त आँखा, मन, चित्त, बुद्धि, अहङ्कार सब एक भइदिन थाल्छ । यो ब्रह्मा देखि भुसुनासम्मको अनुभव हो । शास्त्र पुराण आदिको प्रमाणित वचन हो, निश्चय हो । मन, बुद्धि आदि शान्त रहोस्, पार्न सकूँ भनी आँखा चिम्ली बस्ने हो, तर मनको संसार लहलहाउँदो भई हराभरा भइरहने हुन्छ । त्यो जो कोही होस्, गुरु होस् कि चेला, मूर्ख होस् कि विद्वान् । यो घेराबाट कोही, कोही पनि, कहिल्यै पनि बाहिरिन सक्तैन । असम्भव छ । हाम्रा पूर्वजहरुले असङ्ख्य रिसर्च गरेर एकिन गरेको निचोड हो । हाम्रो ध्यानावस्थामा पुग्ने प्रक्रियालाई हाम्रो आफ्नै मनको तृष्णा र बाहिरी विभिन्न राप, तापले बाधा पुऱ्याउँछ । शान्त चित्त पार्न सक्ने एउटै उपाय छ ।



त्यो हो, हाम्रो भित्री खोज, चाहना के हो ? त्यसको एकिन हुँनुछ, पहिला। बाहिरी वस्तु आदिको आपूर्तिले सङ्गतले त कोही तृप्त छैन। अतृप्त मन ध्यानमा बस्नै सक्दैन। सक्छ, यदि भन्छ कसैले भने, त्यो उसको बुद्धि हो। उसले ध्यानमा बसेर प्राप्त गर्न खोजेको कुरा के हो ?

ध्यान त एक साधन हो ? ध्यान साध्य होइन। ध्यानमा बस्नुको लक्ष्य त अर्कै छ। मन बुद्धिलाई जिती, वासनारहित भई आनन्दी बन्नु, आनन्द त ईश्वर हो भगवान् हो। ईश्वर त चञ्चल छ, अशान्त छ, भला लीला गर्नै होस्, ब्रह्म, विष्णु, महेश्वरको ध्यानमा आउन लाज मान्ने ईश्वर हामी जस्ता मनुष्यको ध्यानमा आउलान् भन्ने विश्वास गर्न गाह्रो पर्छ। ध्यानमा बसेर म आनन्दित भएँ, मेरो लोभ मोह वासना आदि निस्तेज भए भन्ने व्यक्तित्व आजसम्म इतिहासमा एकजना पनि उल्लेख भएको पाइन्न। अतः ध्यान एक पद्धति हो, साधन हो, साध्य होइन, जान्नु अति कष्टकर छ। लक्ष्य हासिल गर्न प्रायः असम्भव छ। लक्ष्य, व्यक्तिको चाहना फरक होला, तर ध्यानमै कोही सदा बसिरहन सक्दैन। आखाँ उघार्ने बित्तिकै संसार, मायाँको परिवारले घेरी हाल्छ। त्यसैले हो, मेरो गुरुवर जगद्गुरु श्री कृपालु जी महाराजको रूपध्यानसहित कीर्तन गर भन्ने एकिन वहाँ भन्नुहुन्छ। पहिला रूप, भगवान्लाई आफ्नो सामुन्ने खडा गर, अनि रूपध्यान गर। त्यसपछि जुन जस्तो लीलामा प्रवेश गर। तसर्थ ध्यान साधन मात्र हो। साध्य त लक्ष्य हो, आनन्द हो, भगवान् हो। आनन्दलाई अगाडि उभ्याएर ध्यान गर्ने भन्ने त कुरै मिलेन। आनन्दको लागि ध्यान गर्ने, आनन्दै पहिल्यै आए त ध्यान गर्नै परेन। अतः भगवान् प्राप्तिको लक्ष्य बनाइ भगवन्को रूपध्यान गर्नु हाम्रो ध्यानको उदेश्य, लक्ष्य हो। भगवान् प्राप्ति पछि आनन्द स्वतः हुन्छ।

हे भगवान् तिम्रो जय होस् कसैको पकडमा नआउने दीनबन्धु, हे भक्तवत्सल, हे क्षोभरहित भगवान्, तिमीलाई पाउन, तिमीलाई जान्न, तिम्रो दर्शन पाउन, दिव्य दृष्टि चाहिन्छ रे, हे पुरुषोत्तम् कहाँ पाइन्छ त्यो दिव्य दृष्टि, के मोल हो त्यसको ? सुन्छु, हे ! करुणा सागर, दयावत्सल प्रभु ! त्यो दिव्य दृष्टि त मेरो यो जगत्मा छैन भन्छन्, के हो कुरो ! आत्मा र परमात्मा दुवै दिव्य भएपनि तिमीले चाहि आत्माको गतिविधि सब जान्ने, थाहा पाउने, आत्माले चाहि तिमीलाई सम्झनसमेत नपाउने के रीति हो यो ? किन यस्तो भेदभाव ? हाम्रो संसारमा त एकले अर्कालाई जान्न, चिन्न ती दुईको आँखा जुधेपछि रूप त प्रष्टै देखिन्छ। तिम्रो रूप हेर्न हामी दुईसँगै भएर पनि, एक दुई छिन घडी हो र ! सदादेखि सँगै भएर पनि हे अनमोल रत्न ! कहिले तिमीलाई मैले जान्ने हो प्रभु ! सन्त महात्माको कुरा सुन्दा, तिम्रा वेद आदिको वाणी सुन्दा, तिमी त हाम्रो लागि अदृश्य, अगोचर, अव्यवहार्य, छौ।



तिम्रै वेदका कुरा सुन्दा, मान्दा पनि तिमीलाई पाउने, बुझ्ने साधन त तिमीले तीन वटा त बताएका रहेछौ, जम्मा ! कर्म, ज्ञान, र भक्ति। यी त्रय साधन सबै कठिन छ। कर्म र ज्ञानको अन्तिम फल त नश्वर छ भन्छौ तिमी, हे कृपालु म के गरौं ? हामी निमुखा लाटा सोझा जीवले के गर्ने हो ? हे दयालु भगवान् ! यो संसार लोभ मोहको अखाडा रहेछ। सबले मेरो पसलमा आऊ, मेरो सामान किन भन्छन्। कोही ज्ञान जान भन्छन्, कोही कर्म गर भन्छन्, कोही भक्ति गर, भन्छन्। हामीले के जान्नु के गर्दा कसो हुने हो ? तिमी भने सदा सँगै रहेर पनि केही सिकाउन्नौ, सम्झाउन्नौ। कर्मको फल नश्वर छ रे ! एक दिन स्वर्ग सम्राट इन्द्र पनि भोग सकिए पछि झर्छन् रे, फेरि कर्म गर्न। पाप पुण्यको भोग भोग्न। फेरि लाखौं करोडौं कष्टकारी दुःखी ८४ लाख प्रकारका योनिहरुमा भट्किदै रहन। ज्ञानको बल बढी से बढी आत्मज्ञानसम्म हुन्छ रे ! तिम्रो ज्ञान हुन्न रे, आत्मज्ञानसम्म हुन सक्छ रे त्यो पनि तिम्रो कृपा हुन गएमा ! यस्तो विलखबन्द कष्ट ! बाँकी रह्यो भक्ति। यो तिमीलाई खुब मन पर्छ रे। आऊ सिकाऊ कसरी गर्ने हो भक्ति। प्रकट हो ऊ, मेरो मनमा बताऊ। कसरी पाउने हो तिमीलाई ! भक्तिको बजारमा अनेक सामग्री देख्छु। तिमीलाई मनपर्ने कुरा सुटुक्क मेरो कानमा बताऊ, जसले गर्दा पछि लाग्न सकूँ। मेरो गुरुवरको आज्ञा त दीनहीन भै निष्काम, अनन्य, निरन्तर, केवल तिम्रो सुख को लागि आँसु बगाऊ भन्ने छ। मलाई पनि लुरुलुरु खुरुखुरु त्यही गरुँ भन्ने लागेको छ। आगे तिम्रो ईच्छा। के ठिक हो, ठ्याक्कै सम्झाऊ।

जगद्गुरु श्री कृपालु जी महाराजको जय ! ! !










# कृपालु उद्यान परिचय

यो बनकाली उद्यान वा कृपालु उद्यान विश्व सम्पदा सूचीमा सूचिकृत राष्ट्रदेव भगवान् श्री पशुपतिनाथको परिसरमा रहेको पवित्र तीर्थस्थल पाशुपत क्षेत्रभित्र आमा वनकाली भगवती र वनकाली उपवनका बीच विकसित गरिएको छ।

यो बनकाली क्षेत्र धार्मिक क्षेत्र हुँदाहुँदै पनि व्यवस्थापन र रेखदेखको अभावमा फोहोरमैला फाल्ने रछ्यान जस्तो बनेर लामो कालसम्म दुर्गन्धित अवस्थामा रहेको थियो । २०६८ सालतिर जगद्गुरु श्री कृपालुजी महाराजका एकमात्र नेपाली प्रचारक स्वामी श्रीहरिदासजीको प्रवचनबाट प्रभावित भै पशुपति विकास कोषका तात्कालीन सदस्य सचिव डा. गोविन्द टण्डन दर्शन भेटमा आउनुहुँदा यो प्रसङ्ग उठ्यो र यस क्षेत्रलाई कसरी व्यवस्थित र सुन्दर बनाउन सकिन्छ भनी सदस्य सचिवद्वारा आदरणीय स्वामीजीलाई गर्नु भएको अनुरोध पश्चात् यस वनकालीक्षेत्रलाई आध्यात्मिक वाटिकाका रूपमा विकसित गर्न श्री राधा माधव समिति नेपाल अन्तर्गतको विद्वत् समाज नेपाललाई जिम्मेवारी दिने निर्णय भयो । सो बमोजिम यस समिति र श्री पशुपति विकास कोषसँग मिति २०७१ साल असार १३ गते सम्झौता गरियो। आदरणीय स्वामीजीको परिकल्पना अनुसार श्री राधा माधव समितिसँग आबद्ध नेपाल भरीका साधकहरुको प्रयत्न र अन्य श्रद्धालुजनहरुको सहयोग समेतले झण्डै चार वर्षको अथक प्रयासले यो उद्यानको कार्य सम्पन्न भईसकेको छ। यसै सन्दर्भमा पशुपति विकास कोषको नयाँ व्यवस्थापन समूहसँग मिति २०७९ पौष १३ गते यस अनुपम उद्यानको संचालन तथा व्यवस्थापन सम्बन्धमा पुनः अर्को संझौता भइसकेपछि सर्वसाधारणका लागि खुल्ला गर्ने मार्ग प्रशस्त भयो।

तत्पश्चात् यस वनकाली उद्यानको समुद्राटन नेपालका सम्माननीय राष्ट्रपति महामहीम श्री रामचन्द्र पौडेलद्वारा २०७९ चैत्र १८ गते ९ज्ञकत ब्उचर्ष ट्टण्ट्टघ० श्री राम नवमीको पावन दि( नमा गरिएको थियो। तदनुसार सर्वसाधारणको भ्रमणका लागि २०८० वैशाख १ गते (ब्उचर्ष ज्ञद्ध, ट्टण्ट्टघ) अर्थात् २०८० को नववर्ष शुभारम्भको दिनदेखि खुला गरिएको हो।

यस उद्यानमा जे-जति अङ्गहरु समेटिएका छन्, ती सबै भगवद् तत्त्व र वेद शास्त्रसँग सम्बन्धित रहेका छन् । यस उद्यानमा देवाधिदेव श्री पशुपतिनाथ, माता सतीदेवी, माता गौरी, भगवान् श्री राम, माता सीता तथा भगवान् श्री कृष्णका लीलासँग सम्वद्ध अङ्शहरुलाई जीवन्तरूपमा प्रस्तुत गरिएको छ।

साथै यस उद्यानभित्र सर्वत्र जगद्गुरु श्री कृपालु जी महाराजद्वारा अनुप्राणित ज्ञानतत्त्वहरुलाई मूर्तरूपमा प्रस्तुत गरिएको छ। अतः जगद्गुरु श्री कृपालु जी महाराजको स्मृतिमा स्वामी श्रीहरिदासजीको परिकल्पना अनुसार विकसित यो उद्यान मानिसको जीवनमा आध्यात्मिक सचेतना उद्बोधन गर ाउने तथा हृदयमा सनातन धर्मप्रति आस्था एवम् भक्तिभाव जगाउने आध्यात्मिक वाटिका (Spiritual Theme Garden) हो। यसको वातावरणीय महत्त्वका सम्बन्धमा भन्नुपर्दा यस उद्यान क्षेत्र भित्र ९०० भन्दा बढी झण्डै ८० भन्दा बढी प्रजातिका बोट बिरुवाहरु रोपण गरिएका छन् जस्तै रुद्राक्ष, श्रीखण्ड, रक्त चन्दन, बोधीचित्त, नाँगचम्पा, राजबृक्ष, बर, पिपल, आदि। यस आध्यात्मिक उद्यानभित्र कुन-कुन आध्यात्मिक तत्त्वहरु निर्माण गरिएका छन्, त्यसबारेमा सङ्क्षिप्तरूपमा परिचय निम्नानुसार प्रस्तुत गरिन्छ :

१. **महापुरुष चौतारी** : वनकाली उद्यानको प्रवेशद्वारभित्र प्रवेश गर्नासाथ देब्रे (बायाँ) तर्फ महापुरुष चौतारी अथवा सद्गुरु चौतारी निर्मित छ। विश्वको कल्याणका लागि सँधै मार्गदर्शन गरिरहने ती महापुरुष एवम् सद्गुरुहरुप्रति कृतज्ञता प्रकट गर्दै यस उद्यानको प्रवेशद्वारमा नै महापुरुष चौतारी स्थापना गरिएको छ।

२. **रामेश्वरम् वाटिका** : प्रवेशद्वारको देब्रे (बायाँ) तर्फ, अलि भित्र, सानो तर सुन्दर वाटिका अवस्थित छ, जसलाई 'रामेश्वरम् वाटिका' को नाम दिइएको छ। देवाधिदेव भगवान् शिव र मर्यादापुरुषोत्तम भगवान् श्रीरामबिचको पारस्परिक सम्मानभाव र रामायणकालीन आध्यात्मिक घटनालाई यो रामेश्वरम् वाटिकामा प्रस्तुत गरिएको छ । वाटिकाको मध्यभागमा सुन्दर शिवलिङ्ग स्थापना गरिएको छ। वाटिकाको उत्तर-पश्चिम कोणमा सानो आकारको एक साधना भवन रहेको छ, जसमा ४०-५० जनाद्वारा एकसाथ साधना, संकीर्तन एवम् ध्यान गर्न सकिन्छ।

३. **वनकाली उपवन** : सद्गुरु चौतारी र रामेश्वरम् वाटिका छाडी अलिकति माथि उक्लिएपछि सानो रमणीय उपवन आउँछ । नजिकै विश्वसम्पदाको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा आमा वनकाली भगवतीको प्राचीन मन्दिर अवस्थित रहेकोले आमा भगवतीप्रति कृतज्ञता स्वरूप यस उपवनलाई वनकाली उपवन नामकरण गरिएको छ। यस क्षेत्रमा कतिपय जाति विशेषको कुलदेवताका शीलाहरु अवस्थित छन्, जहाँ आ-आफ्नो



परम्परा अनुसार वर्षेनी पूजा गर्ने गरिन्छ। तिनको यथोचित संरक्षण र सम्मान गरिएको छ।

४. **जीव मार्गको त्रिवेणी, शास्त्रार्थ बैठक र भक्ति सोपान** : मूल प्रवेशद्वारबाट भित्र पसेर ६-७ खुट्किला चढेपछि दाहिने तर्फ जाने एउटा सानो बाटो देखिन्छ। यो बाटो भक्तिमार्गको बाटो हो। यो भक्तिमार्गको बाटोमा अगाडि बढिरहेमा विपरित दिशाबाट अर्को बाटो आएको देखिने छ, त्यो कर्म मार्ग हो। त्यो कर्म मार्गको बाटो यो भक्ति मार्गको बाटोमा मिस्सिन्छ। जुन ठाउँमा यी दुई मार्गका बाटाहरु मिस्सिएका छन्, ठिक त्यही ठाउँमा बायाँतर्फबाट योगमार्गलाई आफूसँग समेटी ज्ञान मार्गको बाटो मिस्सिन आइपुगेको देखिनेछ। यसरी कर्म मार्ग, ज्ञान मार्ग र भक्ति मार्ग मिस्सिएको यो अत्यन्त पवित्र ठाउँ 'त्रिवेणी' हो।

जीव मात्रका लागि अत्यन्त महत्ता दर्शाउने यस त्रिवेणीको उत्तरतर्फ शास्त्रार्थ बैठक निर्माण गरिएको छ, जहाँ यी तीनै मार्गबारे शास्त्रसम्मत बहस हुन्छ र एउटा निष्कर्षमा पुगिन्छ। भगवान् एवम् सद्गुरुको दिव्य वाणी छ - "वेद शास्त्रको नियम अनुसार कर्ममार्ग र ज्ञानमार्ग कठिनमार्ग हुन्, यस कलीयुगमा भक्तिमार्ग नै सर्वसुलभ, सर्वसाक्षी र सर्वोत्तम् मार्ग हो । अतः यही भक्ति मार्ग प्राप्तव्य छ।" शास्त्रार्थ बैठकले भगवान् एवम् सद्गुरुको यही दिव्यवाणी निरन्तर एवम् अविच्छिन्न रूपमा प्रवाहित भैरहेछ भनी आध्यात्मिक रूपमा आभास प्रदान गर्दछ। यही त्रिवेणीबाट केही देब्रेपट्टी रहेको भक्ति सोपानका खुट्किलाहरु आगन्तुकहरुले जति-जति चढ्दै जान्छन्, त्यति-त्यति ऊ भक्ति साधनाद्वारा अन्तःकरणमा रहेको भक्तिभावलाई झन् झन् स्तरोन्नति गर्दै उँचाई थप्दै जान्छ। प्रारम्भमा शान्तभावबाट शुरु गरेको भक्तिभाव क्रमशः दास्यभाव, सख्यभाव, वात्सल्य भावको तहमा उक्लँदै अन्त्यमा माधूर्यभावको पाचौं तथा अन्तिम चरणमा पुगिन्छ।

**५. भक्ति स्तम्भ र आशुतोष प्राङ्गण** : माधूर्य भावको तहमा पुगी अलि दाहिने पट्टी घुमेर उच्चतम् स्थल भक्तिस्तम्भमा पुगिन्छ । यो स्थल भनेको भक्तिभावनाको उच्चतम् बिन्दु हो । भक्तिस्तम्भको यो भौतिक संरचना भक्तिमार्गमा जीवले प्राप्त गर्न सक्ने अन्तिम गतिको आध्यात्मिक प्रतिविम्ब हो । साराशंमा यो भक्ति स्तम्भ भक्तिको प्रतीक हो । भक्ति स्तम्भको अगाडि (पश्चिमतर्फ) करिब ८०x८० क्षेत्रफलको ठुलो आँगन छ, जहाँ ३०० जना मानिसहरु बसी साधना गर्न सक्दछन् । यस आँगनलाई आशुतोष प्राङ्गण नाम दिइएको छ । भक्ति सोपान चढ्दै भक्तिस्तम्भको तहमा पुगेका प्रत्येक दर्शनार्थीले यस आशुतोष प्राङ्गणमा पुगेर आफ्ना ईष्टदेवको ध्यान गर्दा आध्यात्मिक ऊर्जा प्राप्तीको अनुभूति हुनेछ ।

**६. शिवानी कुञ्ज र महारास कुञ्ज** : आशुतोष प्राङ्गणबाट वनकाली वाटिकाको उत्तर हुँदै पश्चिमतिर अगाडि बढे पछि त्यो बाटो दाहिनेतर्फ मोडिन्छ र बिस्तारै उकालो लाग्दछ । यो क्षेत्रको नाम शिवानी कुञ्ज हो । बाटोको दुबैतर्फ श्रीराधाका अष्टमहासखीहरुको प्रतीक स्थापना गरिएको छ । यो शिवानी कुञ्जको बाटो महारास कुञ्जमा पुग्छ । भगवान् श्रीकृष्णले शरद्पूर्णिमाको रातमा आयोजना गर्नु भएको महारास लीलाको रस प्राप्ति हेतु देवाधिदेव श्री महादेव आउँदा द्वारपालका रूपमा खटिएका सखीले प्रवेशमा रोक लगाएपछि भगवान् शिवले योगमाया शक्तिका बलले शिवानीका रूपमा नारी स्वरूप धारण गरेर मात्र महारासमा प्रवेश पाउन सम्भव भएको कथा पुराणमा वर्णित छ । अतः शिवानीको चरणस्पर्शले शिवानी कुञ्ज बन्यो, श्रीकृष्णको मोहनीय प्रेमरसले महारास कुञ्ज बन्यो । भनिन्छ त्यसबेला चौध भुवनका अधिकारीजन एवम् ऋषिमुनिहरुले पनि आ-आफ्नै स्थानबाट सो महारासको रसपानमा सहभागी रहेका थिए । यसको प्रतिबिम्व यस स्थलमा विभिन्न थुम्का-थुम्की निर्माण गरी दर्शाइएको छ ।

**७. नाटेश्वर डबली** : भक्तिस्तम्भको सम्मुख, आशुतोष प्राङ्गणको ठिक बाहिर अलिकति उँचाईमा नाटेश्वर डबली निर्माण गरिएको छ । कालको माग अनुसार सिर्जनात्मक र प्रलयात्मक रहने भगवान् शिवशंकरको ताण्डव नृत्यको महिमा जगजाहेर छ । कला र कलाकारिताका आदि सूत्रधार, उद्‌गम श्रोत आदिपुरुषप्रति कृतज्ञता स्वरूप प्रतीकका रूपमा नाटेश्वर डबली निर्माण गरिएको छ ।

**८.सदगुरु सेतु र ब्रह्मस्थान (परब्रह्म परमेश्वर)** : आशुतोष प्राङ्गणको ठिक उत्तरमा एउटा झोलुङ्गे पुल (Suspension Bridge) निर्माण गरिएको छ, जसले बीचमा रहेको खोल्सो परेको ठाउँको पारिपट्टि लगेर जोड्दछ । सदगुरु हाम्रालागि मायाको भवसागरबाट पारी पुऱ्याउने सेतुका रूपमा सँधै परिश्रम गरिरहनु हुन्छ । सदगुरुको यही अकारणकरुण कृपाप्रति आभार स्वरूप सदगुरु-सेतुको निर्माण गरिएको छ । यो प्रतीकलाई भक्तियुक्त रूपमा सजीव बनाउन सदगुरु-सेतुको ठिक पारिपट्टि ब्रह्मस्थान निर्माण गरिएको छ, जसलाई परब्रह्म परमेश्वर पनि भनिन्छ । यस संरचना निर्माणबाट यो सांसारिक मायाको भवसागर पार गरेपछि पुगिने ठाउँ भनेको परब्रह्म परमेश्वरको चरणकमलमा नै हो भनी आध्यात्मिक सन्देश प्रवाह गरिएको छ ।

**९. एकादश रुद्र डाँडा र ६४ ज्योतिर्लिङ्गको प्रतीक** : यस वनकाली उद्यानभित्र सबैभन्दा उँचाईमा रहेको अर्को प्राचीन मन्दिर अवस्थित छ- भगवान् श्रीराम भक्त हनुमानजीको । ज्ञातव्य छ कि श्री हनुमानजी भगवान् शंकरका ११औं अवतार भएको ले उनलाई एकादश रुद्र पनि भनिन्छ । परम्परागत आस्थालाई सम्मान र शास्त्रसम्मत समन्वय गर्दै यो अग्लो क्षेत्रलाई नै एकादश रुद्र डाँडाको नाम दिई प्रवद्धिदत गरिएको छ । स्कन्द पुराणका अनुसार नेपालमा भगवान् शंकरको शक्तिस्वरुप ६४ वटा ज्योतिर्लिङ्गहरु छन् जुन भगवान् श्री पशुपतिनाथलाई केन्द्रविन्दु बनाइ वरिपरि आठै दिशामा छरिएर रहेका छन् । यो आफैंमा हामी नेपालीका लागि आध्यात्मिक रूपमा अत्यन्त सुखद् एवम् अद्‌भूत रहस्यको विषय हो । यिनै ज्योतिर्लिङ्गको प्रतिनिधिस्वरूप ६४ वटा शिवलिङ्ग आकर्षक नागबेली आकारमा यस एकादश रुद्र डाँडामा स्थापित गरिएको छ, जसमा शिवलिङ्ग रहेको स्थान र नाम समेत उल्लेख गरिएको छ ।

**१०.रङ्गभूमि** : द्वापरयुगमा मथुराका राजा कङ्सका लागि भने रङ्गभूमिको मल्लयुद्ध रमाइलोमा मात्र सिमित रहेन । उनले रङ्गभूमिमा पहलवानहरुको मल्लयुद्ध आयोजना गरी त्यहाँ 'प्यारा भाञ्जा' भनी श्रीकृष्णलाई समेत समाप्त पार्ने उद्देश्य लिई सो रङ्गभूमिमा निमन्त्रण गरेका थियो । रङ्गभूमि प्रवेश गर्दा राजा कङ्सद्वारा खडा गराइएका चाणूर, गजासुरहरु जस्ता पहलवानहरुलाई बध गरी आफ्नो सर्वशक्तिमान स्वरूपको

परिचय दिनुभयो र स्वयम् राजा कङ्सको पनि वध गरी अन्याय अत्याचारको लामो शृङ्खलाबाट मथुराका सर्वसाधारण जनतालाई सदा-सदाका लागि मुक्त गरिदिनुभयो । रङ्गभूमिको त्यस भगवदीय घटनालाई स्मरण गर्न एकादश रुद्र डाँडापछिको भिरालो जमिनमा रङ्गभूमिको प्रतिरूप निर्माण गरिएको छ ।

११. **गोवर्धन पर्वत र रुद्राक्षारण्य** : यस वनकाली उद्यानमा भगवान् श्रीकृष्ण र देवाधिदेव श्री महादेवकाबीच रहेको अतुलनीय मित्र-प्रेमलाई मानिसका हृदयमा स्थापित गर्ने हेतु गोवर्धन पर्वतमा रुद्राक्षारण्य निर्माण गर्ने गरी प्रवर्धन गरि एको छ । ईन्द्रले ७ दिन घनघोर वर्षा गराई ब्रजबासीहरुलाई भयभित पारी दुःख दिंदा भगवान् श्रीकृष्णले आफ्नो कान्छी औंलाले गोवर्धन पर्वत उठाई सबै ब्रजबासीहरुलाई ओत प्रदान गरी संरक्षण गरेको र देवराज ईन्द्रको घमण्ड चक्नाचुर पारेको घटनाका कारण गोवर्धन पर्वतकै पनि गरिमा र महात्म्य बढ्न गएको पाइन्छ । यस गोवर्धन पर्वत क्षेत्रमा भगवान् शिवलाई अति मनपर्ने रुद्राक्षका बोट बिरुवाहरु लगाइएको छ । यस क्षेत्रमा विशिष्ट व्यक्तिहरुका बाहुलीबाट रुद्राक्ष वृक्षरोपण गर्ने गरिएको छ र यसलाई भविष्यमा रुद्राक्षारण्यको रूपमा विकास गरिएको छ ।

१२. **पुष्प वाटिका र शक्तिस्वरूपा गौरीमाताको मन्दिर** : यो पुष्पवाटिका भगवान् श्री राम तथा जनक नन्दिनी आमा सीताको प्रसङ्गसँग सम्बन्धित छ । त्रेता युगमा विश्वामित्र ऋषिको अगुवाईमा श्री राम लगायत अन्य राजकुमारहरु विदेह राजा जनकद्वारा आयोजित धनुष यज्ञमा भाग लिन जनकपुर आउनुहुँदा धनुष यज्ञको अघिल्लो दिन नै श्री राम र सीताको देखादेख भएको रमणीय बगैंचा थियो, राजा जनकको दरवारस्थित पुष्पवाटिका । त्यही वाटिकामा पहिलो भेट भएपछि अतिथि श्री राम र आतिथेय सीता मैयाँ दुबैको हृदयमा प्रेमको पहिलो पुष्प फक्रिएको थियो ।

१२. **गौरी कुण्ड** : शक्तिस्वरूपा माता गौरी भगवान् चन्द्रशेखरका साथ जुन कुण्डमा स्नान गर्ने गर्नु हुन्थ्यो, त्यो कुण्डको नाम हो गौरी कुण्ड । त्यही पौराणिक प्रसङ्गलाई स्मरण गर्न पुष्प वाटिकाको पूर्वोत्तर किनारमा गौरी कुण्ड निर्माण गरिएको छ ।

१३. **सतीदेवी अग्नि समाधि कुण्ड** : स्कन्द पुराणका अनुसार देवाधिदेव श्री महादेवका साथ बिवाह भै कैलाशमा रहँदा शक्तिस्वरूपा भगवती सतीदेवी आफ्ना पतिका साथ बसेका बखत आफ्नो पिता दक्ष प्रजापतिले यज्ञको योजना गरेको समाचार नारद ऋषिबाट पाएपछि सतीदेवीले बाबाको घरमा आयोजना हुने सो यज्ञमा जाने विचार गर्नुभयो । पति श्री महादेवबाट नबोलाएका ठाउँमा जान नहुने भनी सम्झाउँदा पनि आफ्नै बाबाको घर हो, यज्ञ हेर्न जान्छु भनी जानुभएको र सो यज्ञमा आफ्नो पतिदेवलाई बाबा दक्ष प्रजापतिले अपमान गरी धेरै दुर्वाच्य बोलेकोमा सो सहन गर्न नसकी सोही यज्ञ कुण्डमा हाम फाली देहत्याग गरेको प्रसङ्ग श्री स्वस्थानी व्रत कथामा समेत वर्णित छ ।

१४.**ध्यान चौतारी** (**कृतज्ञता चौतारी**) : ध्यान चौतारी कृपालु उद्यान भ्रमणको अन्तिम बिन्दु हो । यहीं कृतज्ञता चौतारी पनि सङ्क्षेपमा निर्माण गरिएको छ । यस स्थानबाट पूर्वतर्फ फर्केर हेर्दा श्री पशुपतिनाथको मन्दिर र गजुरको दर्शन गर्न सकिन्छ । ध्यान चौतारी र कृतज्ञता चौतारीमा पुगी साधक सत्संगीहरु विनयशील भावका साथ आफ्नो जीवनमा प्राप्त सेवाको यो विशिष्ट सुअवसरका लागि सद्गुरु श्री कृपालु महाराजजी, स्वामी श्रीहरिदासजी तथा आराध्यदेव भगवान् श्रीपशुपतिनाथप्रति कृतज्ञता प्रकट गर्दछन्, आभार प्रकट गर्दछन्, जसको आध्यात्मिक ज्ञान, उपदेश र प्रेरणाबाट यो सिर्जनशील दिव्य कार्य पूरा गर्न सामर्थ्य र उत्साह प्राप्त भयो ।

यस निर्माण अभियानमा लागेका साधक सत्संगीहरुलाई के विश्वास लागेको छ भने यो दिव्य आध्यात्मिक वाटिका (Theme Garden) यस्तो विलक्षण र मोहनीय स्वरूपमा सम्पन्न हुन सक्नुमा स्वामी **श्रीहरिदासजीको** परिकल्पना, आदरणीय **संगीता दिदीजीको** निरन्तर हौसला तथा जगद्गुरु श्री कृपालु जी महाराजको प्रेरणा र स्वयम् अराध्यदेव श्रीपशुपतिनाथको कृपा रहेको छ । उहाँहरुको कृपा-छहारी प्राप्त भएर नै यो सबै सम्भव हुन सकेको हो । हामी कार्य गर्नेहरु त निमित्त मात्र हौं । यस उद्यानको वास्तविक रसास्वादन त यस स्थानको स्थलगत भ्रमण पश्चात् मात्र अनुभूति हुन सक्छ ।

जय जय श्री राधे ।

# 'म श्यामा श्याम धाम'

## अहा ! म कति भाग्यमानी !!!

अनकन्टार ठाउँमा प्रेतात्माको चित्कार र दुर्गन्धले निसास्सिएर आहत भएको थिएँ म,
वर्षौंवर्षदेखि उज्यालो प्रकाश र सुगन्ध पाउने भिनो आशाले पुकार गरिरहेको थिएँ म,
कोही त होलान् कृपा गर्नेवाला कृपालु भन्दै प्रेमको भिक्षाको प्रतीक्षा गरिरहेको थिएँ म,
मेरो पुकारलाई सुनिदिएर दिव्य भक्ति-मन्दिर बनाइदिने गुरुदेवको कृपापात्र बनेको म॥
अहा ! म कति भाग्यमानी !!!

मरेका मान्छे र सिनो फाल्ने, मानववस्तीबाट टाढा, एक्लै रोइरहेको ठाउँ थिएँ म ,
फोहर फाल्ने हनुमन्ते खोला नामले परिचित, घ्रिणित र अपहेलित गाउँ थिएँ म,
कोही परोपकारी सन्तले मेरो आँसु पुछिदिँदै, प्रेमयुक्त नेत्रले हेर्दै, हृदयमा लगाए,
कृपा गरी ममाथि एक दिव्य धाम बनाइदिए र "राधे राधे" नामको सुगन्ध छरिदिए॥
अहा ! म कति भाग्यमानी !!!

मेरो काखमा बस्नुभएका भगवान्, गुरुलाई फूल मालाले सजाएर पूजा गर्छन् आज यहाँ,
सुमधुर संकीर्तन र रूपध्यानयुक्त साधना गर्दै साधकहरू अन्तःकरण शुद्ध गर्छन् यहाँ,
आज म अष्टमहासखीसहितको राधाकृष्ण भक्ति-मन्दिर पाएर हर्षले विभोर भएको छु,
श्यामा श्याम रमण गर्ने दिव्य ब्रजधाम बनाइदिने सुपात्र पाएर धन्य धन्य भएको छु॥
अहा ! म कति भाग्यमानी !!!

उनैको कृपाले शीतल स्वच्छ पवनले स्पर्श गर्न लालायित हुन्छन् आज यहाँ,
फुलिरहेका सुगन्धित फूलले मुस्कान छर्न पाएकोमा विभोर हुन्छन् आज यहाँ,
शान्तिका प्रतीक परेवा मेरै वरिपरि वासको निम्ति आग्रह गरिरहन्छन् आज यहाँ,
लतापता रूखवृक्ष हल्लिँदै हल्लिँदै आनन्दले मैतिर हेरिरहेका छन् आज यहाँ ॥
अहा ! म कति भाग्यमानी !!!

नवदुलही झैं सिंगारिएको छ मलाई ! त्यसैले म आज खुसीले गद्‌गद् भएको छु,
आज मेरो जन्म दिन हो क्यारे ! त्यसैले श्रद्धाभावयुक्त जय जयकार पाएको छु,
हृदयदेखि मलाई मायाँ गर्ने सपूत सन्तानको अटूट आस्था र विश्वास पाएको छु,
मलाई पावन गरिदिएर तीर्थ बनाइदिने सच्चा सन्तहरूको चरणधुली पाएको छु॥
अहा ! म कति भाग्यमानी !!!






# जगद्गुरूत्तम सन्देश

तिमीलाई त भगवान्प्रति शंका छ त्यसैले त अझै संसारमै आनन्द पाउनेमा निश्चिन्त छौ । जहाँ त्रिकालमा पनि आनन्द मिल्न सक्तैन भने हाम्रो के हैसियत छ ? भगवान् एवम् सन्तलाई च्यालेन्ज गरेर कहाँ जान्छौ तिमी ? यदि तिमीले भनौला कि भगवान्लाई हैन हामीले त सन्तलाई चुनौति दिन्छौ । त्यसो हो भने त झनै भगवान्बाट टाढा भयौ । अब त तिमी दम्भी भयौ, चाहे जतिसुकै राम्रो बन किनकि नामापराधभन्दा ठूलो पाप कुनै मानिएको छैन र अनन्तकालदेखि आजसम्म तिमीले यही गर्दै आयौ । हामी जब जब सन्तलाई भेट्दछौं केही अगाडि बढ्दछौं । तर “हामीले सबै बुझिसक्यौं, सबथोक पाइसक्यौं, अब सन्तको पनि जरूरत छैन, अब सिधै ईश्वरसँग कन्टेक्ट गर्नछौं” भन्ने अहंकार आयो त्यसपछि फेरि जिरोमा झर्‍यौं हामी । यस वाक्यलाई सधैं याद राख ! भगवत्प्राप्तिसम्म काम आउनेछ ।

-तिम्रो कृपालु







# साधनाको गति बृद्धि गर्ने तरिका

कोही जीव ईश्वर र गुरु प्रति एकदमै तीव्र गतिमा दौडन्छन् र कोही भने जय हो - जय हो मात्र भनी रहेका हुन्छन् । के यसको कुनै विशेष कारण छ ? भन्ने प्रश्नको उत्तरमा श्री महाराजजी भन्नु हुन्छ : हो कारण छ । एउटा कारण त हो प्रारब्ध, पूर्व जन्मको संस्कार । जस्ले पूर्व जन्ममा साधना विशेष गरेका छन् उसको रुचि भगवान्तर्फ स्वाभाविक हुन्छ, उ छिटो हिड्छ र कोही गुरुको सिद्धान्तको मनन गर्छन् - मानव शरीर नश्वर छ, भोलि रहन्छ रहँदैन, यसकारण छिटोभन्दा छिटो आफ्नो लक्ष्यलाई प्राप्त गरी हाल्नु पर्छ । यस सिद्धान्तलाई सबैले सुने र स्वीकार पनि गरे तर एउटा व्यक्तिले त्यसमा विशेष ध्यान दिन्छ, हामीले छिटो गर्नु पर्छ भने अर्को व्यक्तिले लापरवाही गर्छ, गरौंला, अहिले के को हतार छ र । त्यसकारण त्यो व्यक्ति साधनामा छिटो अगाडि बढ्दैन । यी नै दुई कारणहरु छन् ।

आफैं स्वभाविक ढङ्गले जो भगवान्प्रति प्रवृत्त हुन्छ त्यो संस्कार जन्य हुन्छ । अलिकति कमी रहन गएको थियो पूर्व जन्ममा, र भगवान्ले त्यसको फल दिनु भयो । अनि थोरै सत्संगबाट पनि उ अगाडी बढ्यो किनभने पहिले गरेको कमाई उसले प्राप्त गर्‍यो । जस्तै हाम्रो बुवाले ९९ हजार रुपैया बैंकमा जम्मा गर्नु भयो, त्यसपछि मर्नु भयो, अनि त्यसमा हामीले एक हजार थपीदियौं र अब बैंकमा हाम्रो एक लाख रुपैया भयो । अर्को व्यक्तिको बुवाले मात्र एक हजार राखेका थिए बैंकमा अब उसले कैयौ वर्ष कमाएर एक लाख पुर्‍याउन सक्छ । यही हो प्रारब्धको अर्थ । यदि हामीले पूर्व जन्ममा धेरै कमाएका थियौं भने त्यो कमाइ हामीले पाउछौं, यसकारण हाम्रो रुचि भगवान्प्रति धेरै हुन पुग्यो, यसलाई हामी संस्कार भन्दछौं । र जस्को पूर्व जन्मको संस्कार धेरै राम्रो छैन भने त्यसै स्तरको रुचि हुन्छ भगवान् प्रति । तर यस साधकको पनि केही संस्कार त राम्रो नै होला नत्र भने मनुष्य शरीर कसरी प्राप्त भयो त ? अनि कोही गुरुसँग किन भेट हुने थियो होला ? तर एकजनाको एकदमै राम्रो संस्कार छ, अर्को को ऊ भन्दा अली कम राम्रो छ, अर्को को अझै कम राम्रो छ भने अब साधनाको माध्यमद्वारा त्यसलाई अगाडि बढाउने काम उसैको हो । महापुरुषले सबैको लागि चाहना राखेका हुन्छन्, सबैको लागि परिश्रम गर्दछन् । सबैलाइ प्रेम दिन चाहन्छन् । तर भाँडो त सबैको फरक फरक ढङ्गका छन् यसकारण फरक फरक किसिमको फल पाउँदछन् ।

एउटा अगाडि बढ्यो, बढेको बढै भयो, र अर्को अगाडि बढ्यो, पछाडी फर्क्यो, फेरी अगाडी बढ्यो फेरी पछाडी फर्क्यो, फेरी अगाडि बढ्यो र आफ्नो ठाउँबाट चलमल गरेन, स्थिर भएर बस्यो । प्लान बनाउन थाल्छ - कुरो त गुरुजी ले ठिकै गर्छन् तर यस्तो छ कि अहिले समय आईपुगेको छैन । अहिले यसो भई हालोस्, अनि त्यसो भइहालोस्, यो भई हालोस् त्यो भई हालोस् अनि त्यसपछि म साधना गरौंला । यो गलत हो । हेर्नुस ! तिमी जुन प्लान बनाईरहेका छौ दश बर्षको, दश मिनटको त भरोसा छैन । यसै प्रकार उधारो गर्दा गर्दा अनन्त जन्म हामीले गुमायौं । संसारको काम गर, कस्ले रोक्छ र । तर साधनामा विशेष ध्यान देऊ, मनलाई संसारबाट





हटाउने एवं भगवान्मा लगाउने अभ्यास गर, संसार को काम गर्दा गर्दै। काम गर्नका लागि के बाधा छ र ?

संसारको दुःख सुख भयानक छ, खतरनाक पनि छ। काममा सफलता पायौ भने गमक्क पर्छौ र काममा नोक्सान भयो भने फिलिङ भई रहेको छ। यो गलत बिरामी हो । राम्रो फल पायौ भने पनि ठिक, खराब फल पायौ भने पनि ठिक । यो सम्झ कि मेरो पूर्वजन्मको कर्म खराब थियो होला। हामीले पहिले दान दिएका थियौं होला हामीलाई पैसा धेरै प्राप्त भयो। पहिले हामीले दान दिएका थिएनौं होला त्यसैले अहिले गरिब हुन पुग्यौं । यो त हाम्रो दोष हो, भगवान्ले के गर्छन र यसमा ? यसलाई फिल गर्न हुँदैन, अगाडीको बनाउनु पर्छ । जे बित्यो सो बिति सक्यो । यदि मेरो भेट तिमीहरु सँग न भएको भए तिमीहरुले सय रुपैयापनि दान गर्ने थिएनौं होला । यति धूर्त छौ तिमीहरु । जब कुनै भिखारी भिख माग्न आउँछ तिमी सोच्दछौ सबै भन्दा स्यानो सिक्का कुन छ त्यही दिनु पर्छ। पाँच पैसा, दस पैसा दियौ तिमीहरुले। एक दिन म त्यसै गईरहेको थिए, दिल्लीमा एउटी गरीब बुढी आमा रातो बत्ती बलेको समयमा हाम्रो कारको पछि लागीन् अनि मेरो खल्तिमा पाँचसय रुपैया थियो, मैले दिए । मेरो अनुहार हेर्न लागि, कहि गल्तीले मैले दिए कि किनभने बिचरीलाई कसैले यति धेरै रुपैया दिएको थिएन होला । **'येन केन प्रकारेण'** शास्त्र भन्दछ, मन नलागेर दान गरे पनि दान गर्नु, पछि जब बुझ्न थाल्नेछौ अनि मन लगाएर गर्ने छौ । जसरी बाबु आमाले साना बच्चाहरुलाई समातेर गुरुजीको चरणमा ढोग्न लगाउँछन् । उस्ले भन्छ किन यस्तो गर्नु हुन्छ तर पछि जब ठुलो हुन्छ उसले कुरो बुझ्छ । कुनै पनि काम पहिले मनले, प्रेमले नहुन सक्छ, जबर्जस्ती गर्नु पर्छ । जस्तै - कीर्तन हुन्छ, आँखा बन्द गर्नुस, रूपध्यान बनाउनुस् , ठिक ठिक बन्दैन सुरु सुरुमा तर पटक पटक आँखा बन्द गर्नुस बनाउनुस, फेरी बन्न थाल्छ। पहिले नक्कली, त्यसपछि असली । सुरु सुरुमा बच्चाको हात समातेर मास्टरजीले लेख्न लगाउँछन् **'क'** अनि आफैं लेख्न थाल्छ। सुरु सुरुमा बच्चालाई सोध्छ तीन र चार कति हुन्छ ? यसको लागि गेडाहरु राख्दछ त्यो बच्चाले। फेरी अली ठुलो भयो भने सुती सुतीकन जवाफ दिन सक्छ। तपाईहरु कार चलाउनु हुन्छ ? सुरु सुरुमा जब कार चलाउनु हुन्छ कति मेहनत गर्नु पर्छ। एक्सिलेटरमा पनि ध्यान देऊ, क्लचमा पनि, स्टियरिङमा पनि, परेशान हुन्छौं हामी । तर पछि, एउटा औंलो ले पनि गाडी चलाउन थाल्छौं, कुरा पनि गरी रहेका छौं, पछाडि पनि हेरी रहेका छौं, मिठाई पनि खाई रहेका छौं । अभ्यासमा ठुलो तागत छ। हरेक चिज अभ्यासले सम्भव हुन्छ । पिक्चरमा, टि.वी.मा कहिलेकाही सर्कस देखाउँदछन्, त्यसमा केटीहरु कसरी उफ्रिन्छन्, पिङ्मा झुल्दछन्, हेर्ने व्यक्तिले भन्दछन्, वाह कमाल छ ! अभ्यास गर्दा गर्दा यस्तो गर्न सक्छन् हामी आश्चर्यमा पर्दछौं। सबै चिज अभ्यासबाट हुन्छ।

जगद्गुरु श्री कृपालुजी महाराज
("प्रश्नोत्तरी" पुस्तकबाट साभार)




गुरुपूर्णिमा महोत्सव - श्यामा श्याम धाम, ठिमी, भक्तपुर




श्रीकृष्णजन्माष्टमी महोत्सव - श्यामा श्याम धाम, ठिमी, भक्तपुर




श्रीकृष्णजन्माष्टमी महोत्सव - श्री जगद्‌गुरुत्तम मन्दिर, हेटौंडा




श्रीराधाष्टमी महोत्सव - श्यामा श्याम धाम, ठिमी, भक्तपुर

# सामाजिक कार्य




बटुक सेवा – श्यामा श्याम धाम, ठिमी, भक्तपुर




बटुक सेवा – श्यामा श्याम सत्संग, रामबजार, पोखरा




बटुक सेवा – वालिङ, स्याङ्जा



सहयोग हस्तान्तरण – बाल गृह, स्याङ्जा





सहयोगापेक्षी परिवारहरुलाई आवश्यक खाद्यान्न प्रदान – तम्घास, गुल्मी



गौ-सेवा - भरतपुर, चितवन



आवश्यक खाद्यान्न प्रदान - बाल आश्रम, दमक



गौ-सेवा - कावासोती



आवश्यक खाद्यान्न प्रदान - सन्तोषी माता गुरुकुल, बुटवल



आवश्यक खाद्यान्न प्रदान - ज्येष्ठ नागरिक सरोकार केन्द्र, घोराही




सहयोग हस्तान्तरण - राप्ती आँखा अस्पताल, तुलसीपुर



बाढिपीडितजनहरुलाई राहत हस्तान्तरण - सिक्किम, भारत



बटुक सेवा - पिण्डेश्वर बाबा धाम, धरान







विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण – श्री शारदा मा. वि., टिकाजा, स्याङ्जा




शुद्ध पिउने पानी वितरण – धनगढी



हरियाली प्रवर्धन कार्यक्रमलाई सहयोग हस्तान्तरण – धनगढी





साथी संसार नेपाललाई आवश्यक खाद्यान्न प्रदान – श्यामा श्याम सत्संग, रामबजार, पोखरा





मानव कल्याण समाजमा आश्रित बालबालिकाहरुलाई आवश्यक सामग्री प्रदान – नलिनचोक, भक्तपुर

# मन्दिर सरसफाई कार्यक्रम




पशुपति मन्दिर - हेटौंडा



केदारेश्वर महादेव मन्दिर - पोखरा




पाण्डवेश्वर महादेव मन्दिर - दाङ



अर्जुनधारा मन्दिर - झापा



शिवालय मन्दिर - मोरङ



त्राइलोक्यनाथ शिव मन्दिर - दाङ




जलविनायक गणेश मन्दिर - बुटवल




छायाँक्षेत्र छाङ्छाङ्दी मन्दिर - स्याङ्जा




भोजन प्रदान - मानव सेवा आश्रम, बागलुङ




नि:शुल्क स्वास्थ्य शिविर - दार्चुला




गाई गोठ निर्माणार्थ आवश्यक सामग्री हस्तान्तरण - श्यामा श्याम सत्संग, रामबजार, पोखरा




विद्यार्थीहरुलाई स्कुल पोषाक वितरण - सरस्वति प्रा. वि. एवम् नमुना मा. वि., कास्की






राष्ट्रकोलागि २ घण्टा अभियानद्वारा डिभाइन युथ क्लब नेपाललाई प्रशंसा पत्र प्रदान – भक्तपुर





डिभाइन युथ क्लब नेपालद्वारा आयोजित बृहत् साईकल र्‍याली – काठमाण्डौ





ट्राफिक नियम सचेतनामूलक र्‍यालीमा सहभागी डिभाइन युथ क्लब नेपालका सदस्यहरु – भक्तपुर






मासिक निःशुल्क स्वास्थ्य शिविर – प्रस्तावित श्री कृपालु अस्पताल, हेटौंडा

## Divine Youth Club Nepal - Youth Spiritual Retreat

## Shree Jagadguruttam Mandir, Hetauda




















Happy
Deepawali
youtube.com/shree radha madhav samiti nepal
youtube.com/divine youth club nepal
facebook.com/shyamashyamdham
facebook.com/divyadarshan
facebook.com/divineyouthclubnepal
WWW.DIVINECLUBWORLDWIDE.ORG